# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

बालबालिका भन्नाले यो समूहलाई बुझिन्छ, जुन १६ वर्षभन्दा मुनीका छन् । द कन्साइज अक्सफोर्ड डिक्स्नेरीका अनुसार बालबालिका भन्नाले त्यो उमेर अवस्था हो, जुन यौवनावस्था उमेर समूह भन्दा मुनी हुन्छ । जुन समयमा क्रमिक रुपमा यौनिक परिपक्वतामा वृद्धि हुँदै आउँछ र उनीहरु प्रजनन्का लागि सक्षम बन्नुका साथै योवनावस्थाको त्यो उमेर वा समय जुन समयमा यौवनावस्था सुरु हुन्छ (सिविन, २०५८) ।

मानव वृद्धि र विकासको आधारमा शारिरिक, मानसिक, सामाजिक एवम् संवेगात्मक रुपमा परिपक्व भइनसकेको व्यक्तिलाई बालबालीका भनिन्छ । सामान्यतया वाल्यवस्थालाई दुई भागमा विभाजन गरेर हेर्ने गरिन्छ । २-६ वर्ष सम्मलाई पूर्ववाल्यवस्था र ७-१२/१३ वर्ष सम्मलाई उत्तरवाल्यवस्था भनि मनोवैज्ञानिकहरूले छुट्याएका छन् । नेपालको सन्दर्भमा हेर्दा १६ वर्षमुनिका मानिसहरूलाई वालवालीकाको रुपमा लिइन्छ र यस उमेरका वालवालीकाहरूलाई उनिहरूको क्षमताले भ्याउने भन्दा वढि काममा लगाइनु नै वालश्रम हो । वालवालीकाको स्वास्थ्य वा तिनिहरूको शारिरिक, मानसिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने काममा लगाउनु नै वालश्रम हो । नेपालको सन्दर्भमा यस्ता वालश्रमहरू कृषि क्षेत्र, निर्माण कार्य, रेष्टुरेण्ट, चिया पसल, होटल बारहरु, वालकारखाना, घरहरू तथा अन्य उत्पादन क्षेत्रहरूमा छरिएर रहेका छन्। यस्ता विभिन्न क्षेत्रहरूमा लगाइएका वालश्रमिकहरूले आफ्नो वालअधिकारलाई उपभोग गर्न त के सुन्न र वुझन समेत पाएका छैनन् (ढकाल, २०६७) ।

बालबालिका सम्बन्धी ऐन २०४८ र बालश्रम निषेधित र नियमित ऐन २०५६ ले १६ वर्ष उमेर पूरा नगरेकालाई बालबालिका भनिन्छ भनी परिभाषित गरेको छ र दुवै ऐनले १४ वर्ष उमेर पूरा नगरेका बालबाीलकाहरुलाई श्रमिकको रुपमा काम लगाउन निषेध गरेको छ (खड्का, २०६२) ।

आर्थिक अभाव तथा वाध्यात्मक परिस्थितिका कारण हातमा कीताव कापि बोकि विद्यालय जानुपर्ने अवस्थामा अर्काको घरमा नोकर स्वरुप वस्नुपर्ने विडम्बना यथावत नै रहेको छ । कतिपय समाजका जातजातिहरूका आफ्ना सन्तान काम गर्न सक्ने अवस्थामा पुगेपछि वालश्रमिकको रुपमा बस्नुपर्ने वाध्यता कायमै रहेको छ । घरायसी जीवन धान्न वा-आमाको कमाइमात्र पर्याप्त नहुने हुँदा

सन्तानलाई पनि श्रमिक बनाउनु पर्ने आवस्था छ । हाम्रो देशमा सम्पन्न वर्गले विपन्न वर्गका वालवालीकालाई काममा लगाउने चलन धेरै पहिले देखि चल्दै आएको छ । यहाँ विभिन्न जातजाति, धर्म संकृतिका सामाजिक मूल्यमान्यताका, परम्परागत विश्वास भएका मानिसहरूको बसोवास रहेको छ । त्यस्ता कतिपय जातीमा छोराछोरीलाई विद्यालय पढाउने मान्यताले काम गर्न पढाउनु पर्ने समस्या आजसम्म जिवितै छ (काफ्ले र ढकाल, २०६८) ।

ILO २००३ का अनुसार बालश्रमिक प्रतिको उत्तरदायित्वलाई प्रकाश पार्न सन् २००२ मा बालश्रम विरुद्धको पहिलो अन्तर्राष्ट्रिय दिवस मनाइयो । दिवसका अवसरमा विश्वभरीका बालबालिकाहरुलाई बालश्रम विरुद्धको आन्दोलनमा लाग्न प्रोत्साहित गरियो । उक्त आन्दोलनले बालबालिकाहरुलाई काममा लगाउनका लागि न्यूनतम उमेर तोकिदियो । बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस र अन्तर्राष्ट्रिय आन्दोलनले गर्दा बालश्रम विरुद्धको पक्षमा सरकारको सहयोग एवम् अन्तर्राष्ट्रिय श्रम संगठनका सहजकर्ता नागरिक समाजको सहयोग एवम् विभिन्न अवसरहरु प्राप्त हुनका साथै अन्य संगठनहरु विद्यालय यूवा तथा महिला समूह एवम् संचार माध्यम पनि बालश्रम विरुद्धको अभियानमा सम्लग्न भएका थिए ।

बालश्रम उन्मुलनका लागि विभिन्न नीति तथा कार्यक्रमहरू कानुनी व्यवस्थाका साथ अघि वढिरहेको छ । तरपनि वालश्रमको अन्त्य हुन सकेको छैन । कानुनी प्रकृयाको आधारमा केहि क्षेत्रमा रहेका वालश्रामिकहरू मुत्त भएतापनि अप्रत्यक्ष रुपमा विभिन्न क्षेत्रमा रहेका वालश्रमिकहरू मुत्त हुन सकेका छैनन् । सरकारले वालवालीकाको शिक्षामा सहभागीता वढाउन विभिन्न रणनीति तथा कार्यक्रमहरू ल्याइरहेको छ तर अभिभावकमा चेतना भएको कारण यस्ता कार्यक्रमले सवै तहका मानिसहरूलाई समेटन सकेको छैन । नेपाल एक विकासशील मूलक र गरिवि तथा वेरोजगारिले गर्दा वालश्रमको समस्या देखिएको हो । नेपालको संविधान २०४७ अनुसार वालवालिकाको हितवारे वालवालीकाको स्वास्थ्य, सन्तुलित भोजन, १४ वर्ष मूनिकालाई काममा लगाउन नपाइने जस्ता व्यवस्था गर्न ऐन २०४८ जारि गरिसकेको छ । टुहुरा वालवालीका, सडक वालवालीकाको पालनपोषण १० वर्ष मुनिका वालवालीकालाई सजाय नगर्ने जस्ता कदमहरू चालिएका छन् (शर्मा एण्ड शर्मा, २०६६) ।

राज्यले बालबालिकाको रक्षा र विकासका लागि लिखित रुपमा सम्झौता गरेता पनि धेरै बालबालिका बालश्रम गर्न बाध्य छन् । १४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु भनेको बालश्रम हो जुन गैर कानुनी काम हो । नेपालमा साना बालबालिकाहरुलाई काममा लगाउने

समस्या लामो समयदेखि चल्दै आएको छ । नेपालमा १२७००० जति बालश्रमिकको रुपमा रहेको तथ्याङक छ यसरी बालश्रमको पुनस्थापना गर्न तथा सामाजिक न्यायका लागि सामाजिक प्रतिरक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्छ (विडारी, साथीहरू, २०६९) ।

कानुन द्वारा मान्यता प्राप्त काम गर्ने उमेर पुगेका वा सो भन्दा कम उमेरका बालबालिकाहरु तेस्रो व्यक्ति वा रोजगारदाताको घरेलु कामधन्दामा संलग्न हुने कार्यलाई नै घरेलु बालश्रम भनिन्छ । तर कानुन द्वारा मान्यता प्राप्त काम गर्ने उमेर भन्दा कम उमेरका बालबालिकाहरुलाई दास जस्तो व्यवहार गरि बाँधा श्रम, जबरजस्ती श्रम, बेचबिखन तथा यौन शोषण गरि शिक्षा स्वास्थ्य तथा नैतिकतामा गम्भिर किसिमको आँच आउने व्यवस्थामा रोजारदाताले घरेलु कामधन्दामा लगाएमा यस्तो कार्यलाई निकृष्ट प्रकारको घरेलु बालश्रम भनिन्छ ( पौडेल र सापकोटा २००५) ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) का अनुसार  नेपालमा तीन बालबालिकामध्ये झण्डै एकजना अर्थात् ५ वर्षदेखि १४ वर्षसम्मका कूल ७९ लाख बालबालिका रहेको छन् । तीमध्ये २६ लाख बालबालिका बालश्रमिकका रूपमा रहेको छन् । यिनीहरूमध्ये केही कृषिमा, केही हस्तकला व्यवसायमा तथा खानी र गलैंचा उद्योगमा कार्यरत छन् । त्यस्तै कतिपय बालबालिका घरेलु कामदारका रूपमा र केही भरियाका रूपमा शोषित छन् । यीमध्ये कति चाहिँ यौनशोषणले पीडित एवं प्रताडित छन् । बहुसङ्ख्यक बालबालिका निःकृष्ट प्रकारका बालश्रममा संलग्न छन् । बालश्रममा संलग्न कूल बालबालिकामध्ये आधा सङ्ख्याभन्दा बढी निःकृष्ट किसिमको बालश्रमशोषणमा रहेको र त्यो बालश्रमशोषणको उदाहरणमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) ले गरेको अध्ययनअनुसार नेपालमा रहेको विभिन्न खाले बालश्रमिकमध्ये १८ वर्षमुनिका ५५ हजार बालबालिका घरेलु बालश्रमिकका रूपमा कार्यरत छन् । काठमाडौं महानगरपालिका क्षेत्रमा मात्र १८ वर्षमुनिका २२ हजार बालबालिका घरेलु बालश्रमिकका रूपमा कार्यरत छन् । पाँच हजारमध्ये एउटामा वयस्कहरूको कामका लागि घरेलु बालश्रमिक राख्ने गरिएको छ । ती बालश्रमिकहरूमध्ये आधाभन्दा बढी अर्थात ५७ प्रतिशत केटाहरू रहेको छन् । न्यून वा विना तलबमा नै घण्टौं काम गर्नु उनीहरूको दिनचर्या र बाध्यता भएको छ । उनीहरू शिक्षाको पहुँचभन्दा निकै टाढा छन्, ( आई.एल.ओ, २०६०) ।

बालश्रमिक भन्नाले ज्याला प्राप्त हुने वा नहुने खालका काम गर्ने १६ वर्ष मुनीका केटाकेटीहरू बुझिन्छ । समाजशास्त्रको विश्वकोषले बालश्रमिकलाई यसरी परिभाषित गरिएको छ ।

बालबालिकाहरूको वृद्धि र शिक्षामा हानी पुग्ने गरी ज्याला कमाउने वा परिवारलाई सघाउने कार्यमा सम्लग्नता गराउनु हो । बालअधिकार सम्बन्धी महासन्धीको धारा १ अनुसार “राष्ट्रिय कानूनले बाल्यावस्थाको न्यूनतम उमेर नतोकी दिए सम्म १८ वर्ष मुनीका सबैलाई बालबालिका मानिने छ” (काफ्ले, २०६८) ।

सन् २००१ मा सम्पन्न नेपालको राष्ट्रिय जनगणनाअनुसार सम्पूर्ण जनसङ्ख्याको ५०.७ प्रतिशत मानिसहरू १८ वर्षभन्दा मुनिका बालबालिका पर्छन् । हुन त यकिन तथ्यांक उपलब्ध छैन तर पनि त्यो उमेर समूहका अधिकतर बालबालिका बालश्रमिकमा पर्छन् । आईएलओले सन् २००१ मा प्रस्तुत गरेको नेपाली बालश्रमिक सम्बन्धी प्रतिवेदनमा नेपालमा झण्डै २७ लाख बालबालिका बालश्रमिकका रूपमा आबद्ध रहेको तथ्याङ्क देखाएको छ । यसमा ५ देखि १८ वर्षसम्म उमेर समूहका बालबालिकाहरूको जनसङ्ख्याको ४१.७ प्रतिशत पर्छ । ग्रामीण र शहरी क्षेत्रका हरेक भागमा हरेक किसिमका काममा संलग्न अधिकतरको उमेर १६ वर्षदेखि १८ वर्षमाथिको अनुमान गर्न गाह्रो पर्छ । गरिबीबाट मुक्ति पाउनका लागि बालबालिकाहरूलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विभिन्न किसिमका काममा लगाइन्छ । विश्वका गरिब मुलुकहरूमध्ये प्रमुखरूपमा गनिने नेपालको आधाजसो जनसङ्ख्या दैनिक एक डलरभन्दा कम आयमा बाँचिरहेका छन् । यसरी नै बालबालिकाहरूको जनसङ्ख्यामा बृद्धि हुनु र गरिबीबाट मुक्ति पाउनका लागि बालबालिकाहरूलाई काममा लगाइनुले अन्तर्राष्ट्रियस्तरमा नै नेपालको विकास दिनदिनै खस्कने र नाजुक हुने कुरामा शंका छैन (युएनडिपी, २०६९ ) ।

नेपाल मानवअधिकार, दास प्रथा उन्मूलन, लैंगिक भेदभाव उन्मूलन र यातना उन्मूलनसँग सम्बन्धित धेरै क्षेत्रहरूमा अन्तर्राष्ट्रिय सभाको सदस्य पनि हो । सन् १९९० मा गरिएको बालबालिकाका निम्ति विश्व शिखर सम्मेलन, सन् १९९० को सार्क बालिका वर्ष, सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घद्वारा पारित बालअधिकारसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा पारित बालबालिकासम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएर नेपालले अनुमोदन गर्नु यसका उदाहरणहरू हुन् । संयुक्त राष्ट्रसङ्घको विधान अनुसार नेपाललाई उपरोक्त अधिकारहरू लागू गर्न र बालअधिकारका निम्ति एक निश्चित कानुन बनाउन बाध्य तुल्याएको छ । नेपाल सरकारले १९९२ मा बालअधिकार र बालकल्याण ऐन, १९९२ क्रियाशील बनाएको थियो । यो बालबालिकाको ऐनअनुसार १६ वर्षमुनिका बालक भनी परिभाषित गरिएको छ । यस ऐनबमोजिम बालबालिकाहरूसँग सम्बन्धित धेरैवटा अधिकारहरूलाई एकलौटी रूपमा व्यक्त गर्न कम भइरहेका छ । सन् १९९५ फेब्रुअरीमा

अन्तर्राष्ट्रिय श्रम सङ्गठन र नेपाल सरकारको बीचमा आपसी समझदारीको स्मरणपत्रमा सम्झौता भयो, जुन बालश्रमको उन्मुलन, निषेध, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समुदायबीच परिणाम र समाधानहरूको बारेमा चेतना फैल्याउनु प्रमुख उद्देश्य थियो (युनिसेफ, २०५५)।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २२ मा मौलिक हक अन्तर्गत नै बालबालिकाको हक समाहित गरी निद्धिष्ट गरिएको छ। जस अनुसार धारा २२ को उपधारा ३ मा "प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण बिरुद्ध हक हुनेछ।" यस्तो शोषणजन्य कार्यद्धारा दण्डनिय हुनेछ र यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतीपूर्ति दिइनेछ। त्यस्तै २२ को ५ मा "कनै पनि बालबालिकालाई कुनै कारखाना, खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण काममा वा सेना-प्रहरी वा द्धन्द्धमा प्रयोग गर्न पाइनेछैन" (नेपाल सरकार,२०६३)।

वालश्रमलाई कानुनी रुपबाट निषेध गर्ने गरी विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय वाल अधिकार सम्वन्धी सम्मेलन गरी कानुनी प्रावधानको व्यवस्था गरिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले पनि श्रम ऐन, वालश्रम ऐन तथा वालवालिका सम्बन्धि विशेष नीति तथा कार्यक्रमहरुलाई कानुनी व्यवस्थाका साथ अगाडी बढाएको थियो। यद्यपि वर्तमान अवस्थासम्म आइपुग्दा सम्म पनि वालश्रमको अन्त्य हुन सकेको छैन। कानुनी प्रकृयाका आधारमा केही क्षेत्रमा रहेका वालश्रमिकहरु मुक्त हुन सकेका छैनन्। नेपालमा विभिन्न जात, जाती, धर्म, संस्कृति, सामाजिक मूल्य मान्यताहरु, परम्परागत विश्वासहरु, गरिवी, वर्गीय विभेदीकरण, पारिवारिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवसरको अभाव आदि विविध कारणले राज्यलाई बनाएको किताबी कानुनले वालश्रमलाई केबल प्रत्यक्षबाट अप्रत्यक्षतिर मात्र लगेको देखिन्छ। यसर्थ अहिले पनि विभिन्न घरेलु कार्यमा सेवा, सुविधा प्रदान नगर्ने कार्यमा वालवालिकाहरुको प्रयोग उत्तिकै रहेको देखिन्छ (पाण्डेय २०६५)।

सवै प्रकारका श्रमहरू शोषणमूलक हुदैनन्। श्रमलाई एक सकारात्मक र जीवनका लागि उपयोगी सीप सिक्ने अवसर र प्रक्रियाको रुपमा स्वीकार गरिएको छ। नेपालको विद्यमान कानुनले तोकेको रोजगारीमा प्रवेश गर्ने उमेर पूरा नभएका बालबालिकाहरूलाई उनीहरूको शारीरिक, मानसिक र वौद्धिक विकासमा वाधा पुग्ने गरी अति न्यून वेतन दिई वा नदिई कुनै किसिमको काममा लगाइन्छ भने त्यसलाई शोषणमूलक वालश्रम मान्न सकिन्छ र त्यस्ता काममा संलग्न बालबालिकालाई 'बालश्रमिक' भनिन्छ। नेपालको परिप्रेक्ष्यमा खासगरी मानसिक, शारीरिक,

भावनात्मक वा यौनजन्य तवरले शोषित-पीडित, पढ्ने, लेख्ने, खेल्ने वा आराम गर्ने जस्ता नैसर्गिक अधिकारबाट बञ्चित, कामको बोझले थिचिएका र आफ्नो परिवारभन्दा बाहिर गई काम गर्ने १४ बर्षभन्दा मुनीका बालबालिकालाई बालश्रमिक मानिएको छ र यिनीहरूद्धारा गरिने श्रमलाई बालश्रम भनिन्छ । बालश्रम भनेको हाम्रो समाजको यथार्थ हो । बालश्रमिकका समस्याका बारेमा प्रसस्तै अध्ययन अनुसन्धान नभएका होइनन् । त्यसैगरी बालबालिकाका निम्ति बनेका ऐन कानुन, नीति, नियम, विनियम र निर्देशिका पनि यथेष्ट मात्रामा छन् । तिनको कार्यान्वयन फितलो मात्रामा भएको छ र भएको पनि देखावटी जस्तोमात्र भान हुन्छ । वि.स. २०२० को मुलुकी ऐनको ज्याला मजदुरी महल अन्तर्गत कसैलाई निजको मन्जुरी बेगर कुनै काम लगाउन वा गराउन नहुने व्यवस्था गरेको छ तर यसको विपरीत हाम्रा बालश्रमिकहरू २४ सै घण्टा घरमालिक र व्यावसायिक मालिकको कडा निगरानीमा काम गर्न बाध्य छन् । नेपालमा पनि बालबालिका सम्बन्धी ऐन, नियमावली र श्रम ऐनले १४ बर्षभन्दा मुनीका बालबालिकालाई काममा लगाउन नपाइने व्यवस्था गरेको छ ( नेपाल सरकार, २०४९ ) ।

## १.२ समस्याको कथन

बालश्रमिकहरूको उचित विकासको लागि उनीहरूलाई सानै उमेरदेखि राम्रो शिक्षा दिएर भविष्यमा देशको विकासका लागि आवश्यक पर्ने जुनसुकै क्षेत्रमा पनि दक्ष बनाउन सकिन्छ । तर हाम्रो परिवर्तनलाई हेर्दा आर्थिक समस्याका कारण बालबालिकाहरू सानै उमेरदेखि अरुको घरमा घरेलु श्रमिकको रुपमा आफ्नो जीविका चलाउनुको साथै घरमा अन्य आर्थिक क्षेत्रमा आय आर्जनमा सहयोग गर्नुपर्ने अवस्था छ (काफ्ले, २०६९) ।

घरेलु कामदारका रूपमा राखिएका बालबालिकाको अवस्था प्रकारान्तरले बँधुवा मजदुरको भन्दा फरक देखिँदैन । हुन त राज्यले जोखिमपूर्ण बालश्रम उन्मूलन गर्ने प्रतिबद्धता गरेको छ । देशका सबै जिल्लामा बालअधिकार संरक्षण गर्ने सरकारी अधिकारी कार्यरत छन् । बाल अधिकार संरक्षण स्थानीय निकायको दायित्व पनि हो । शारीरिक, मानसिक र सामाजिक विकासका लागि महत्वपूर्ण समयमा श्रम गर्न र यौन दुर्व्यवहारलगायतका शोषण सहन विवश बालबालिकाको भविष्य उज्यालो हुने सम्भावना बिरलै हुन्छ । परिवारको गरिबीका कारण बालश्रमिक बन्न बाध्य यस्ता बालबालिकाको अर्को पुस्ता पनि गरिबीको दुश्चक्रबाट मुक्त हुने सम्भावना न्यून रहन्छ । सरकारका जिम्मेवार अधिकारी वा स्थानीय निकायका कर्मचारीलाई बालबालिकालाई श्रम शोषणको अवस्थाबाट मुक्त गर्नुपर्छ भन्ने ज्ञान पनि छ तरपनि बालबालिकालाई शोषित, पीडित हुनबाट

जोगाउने कार्यमा सरकार किन उदासीन छ ? किन बालश्रम शोषण अन्त्य गर्न बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ? प्रश्न विचारणीय एवं सोचनीय छ ।

आजको २१ औ शताब्दीमा पनि कतिपय बालबालिकाहरू विभिन्न घरायसी कारण लगायत अन्य विविध कारणहरूले गर्दा शिक्षाको अवसरबाट बन्चित हुनु परिरहेको छ जसले गर्दा बालबालिकाहरू आफ्नो घर त्यागी ठूलो संख्यामा बालश्रमिकको रुपमा सम्लग्न रहेको पाइन्छ । त्यसैले यस अध्ययनले घरेलु बालश्रमिक हुनुको कारणलाई समस्याको रुपमा उल्लेख गरिएको छ । झापा गाउँपालिका एक विकसित क्षेत्र भएता पनि त्यस क्षेत्रमा घरेलु बालश्रमिकको संख्या धेरै रहेको पाइन्छ । आर्थिक समस्याका कारण अर्काको घरमा बस्दा आफ्नो बालअधिकार तथा उचित शिक्षाबाट बन्चित हुनु परिरहेको छ । उनीहरू आफ्नै घर मालिकबाट पनि विभिन्न प्रकारका शोषणहरूको सिकार हुनु परेको छ । जसको कारण उनीहरूको शारीरिक, मानसिक, सामाजिक तथा शैक्षिक अवस्था प्रभाव परिरहेको छ  भने यस अध्ययनमा घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था पत्ता कस्तो छ ?, घरेलु बालश्रमिकको मुख्य समस्याहरू के के छन् ? भन्ने कुराहरू समस्या मूलक लागेको कारणले गर्दा घरेलु बालश्रमिकहरूको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको अध्ययन शीर्षक छनोट गरी झापा जिल्लाको झापा गाउँपालिका वडा नं. ४ को सुकुम्बासी वस्तिमा अध्ययन गरिएको ।

## १.३ अध्ययनको उद्देश्य

यस शोधपत्रको लागि निम्न उद्देशय छनौट गरिएको छ :

(क) घरेलु बालश्रमिकको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउनु,

ख) घरेलु बालश्रमिकको शैक्षिक पहुँचको अवस्था पत्ता लगाउन,

ग) घरेलु बालश्रमिकले भोग्नु परेको समस्याहरू र समाधानका उपयाहरू पत्ता लगाउनु,

## १.४. अनुसन्धानात्मक प्रश्नावलीहरू

क) घरेलु बालश्रमिको शैक्षिक अवस्था कस्तो छ ?

ख) घेरलु बालश्रमिक बन्नु पर्ने कारण के थियो ?

ग) घरेलु बालश्रमिको शिक्षाको पहुँच कस्तो छ ?

घ) घरेलु बालश्रमिक हुदाँ अरूले कस्तो व्यहार गर्दछन् ?

ङ) बालश्रमिक भएर काम गरेको कति वर्ष भयो ?

च) घरेलु बालश्रमले भोगेका समस्याह के के हुन् ?

छ) घरेलु बालश्रमिका समस्या समाधानका उपायहरू के के हुन् ?

## १.५ अध्ययनको महत्त्व

नेपालमा विश्व मानव अधिकारका क्षेत्रमा अनगिन्ती आन्दोलन, सम्मेलन, अभिसन्धी भएका छन् । बालबालिका सम्बन्धी महासन्धी पारित पछि विश्वव्यापी रुपमा बालबालिकाले कानुनी रुपमा ने बालअधिकार रक्षाको अवस्था सिर्जना भयो । नेपालले पनि बालबालिका सम्बन्धी ऐन २०४८ पारित गरेको थियो । विना भेदभाव आफ्नो सामाजिक, मानसीक, शारिरीक तथा संवेगात्मक पक्षको विकास गर्न बालबालिकाले पाउनु पर्दछ  जुन बालबालिकाको अधिकार भित्र पर्दछ भने यो खोज तथा अनुसन्धानको निम्नानुसारको महत्व रहेको छ ।

(क) हाम्रो देशमा बालश्रमिक एउटा सोचनीय विषयको रुपमा खडा भएको छ । त्यसमा पनि घरेलु बालश्रमिकको समस्या दिनानुदिन बढिरहेको छ । यस अनुसन्धानले घरेलु बालश्रमिकको शिक्षामा पहुँच कस्तो छ भन्ने बारे जानकारी गर्न सहयोग पुग्नेछ ।

(ख) यस अनुसन्धानबाट घरेलु बालश्रमिकको शैक्षिक अवस्थाको साथै समस्याको बारेमा थप जानकारीको प्राप्ति हुनेछ ।

(ग) बालश्रमिकका समस्याहरू पत्ता लगाई समाधानका उपायहरू अवलम्वन गर्न सुझाव प्रदान गर्नु यसको महत्त्व रहनेछ ।

घ) यस अध्ययन अनुसन्धानले सम्बन्धित श्रमिक बालिकालाई पालन पोषण गरिरहनु भएका घरका सदस्यहरूलाई बालवालिकाको समस्या वुझि सचेत रहन सहयोग पुग्नेछ ।

ङ) यस अध्ययनले घरेलु बालश्रमिकले भोगेका समस्याहरूबारे जानकारी प्राप्त गर्न सहयोग पुग्नेछ ।

च) यस अध्ययन अनुसन्धानले आमाबुबाहरूलाई आफ्नो बालबालिकाहरूलाई बालश्रमिक हुनबाट जोगाउन सचेत गराउने छ ।

छ) अनुसन्धानमा झापा जिल्लाको झापा गाउँपालिकामा रहेका घरेलु बालश्रमिकको बारेमा जानकारी लिन जान्न वा बुझ्न चाहने जो सुकैका लागि पनि उपयोगी हुनेछ ।

ज) यस अध्ययनबाट प्राप्त जानकारीले बालश्रमसँग सम्बन्धित भविष्यमा खोज अनुसन्धान गर्न चाहाने जो कोहीलाई सन्दर्भ सामाग्रीको रूपमा सहयोगी हुनेछ ।

## १.६ अध्ययनको परिसीमा

(क) यस अनुसन्धान कार्यलाई पूरा गर्नका लागि झापा जिल्लाको झापा गाउँपालिका भित्र रहेका कुल बालश्रमिकहरू मध्ये ८० जना घरेलु बालश्रमिकहरूलाई समेटिएको छ ।

(ख) यो अध्ययन झापा जिल्लाको झापा गाउँपालिका वडा नं. ४ का घरेलु बालश्रम गरी बसेका बालबालिकाहरूसँग सम्बन्धित छ ।

ग) निश्चित समय र  सीमित श्रोत, साधनका कारण घरेलु बालश्रमिकलाई मात्र समावेश गरिएको छ ।

घ) यस खोज तथा अनुसन्धान कार्यलाई पुरा गर्न सामान्य उद्देश्यपूर्ण नमूना छनोट विधिको प्रयोग गरिएको छ ।

ङ) यस अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न प्राथमिक स्रोतको प्रयोग गरिएको छ भने प्राथमिक स्रोत सङ्कलनका लागि बालश्रमिक बालबालिकालाई नै भेटेर सङ्कलन कार्य सम्पन्न गरिएको छ ।

च) यस अध्ययनमा १६ मुनिका घरेलु बालश्रमिक बालबालिकामा सिमित रहेको छ ।

## १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू

अन्याय : भेदभाव

आश्रित : जिविको पार्जन गर्न अरुमा भर पर्ने

घरेलु बालश्रम : पारिश्रमिक दिएर वा नदिएर घरायसि कार्यमा सहयोग लिने गरि राखिएका १६ वर्ष मुनिका बालबालिकाहरु भन्ने समझिनु पर्दछ ।

| | | |
|---|---|---|
| बालबालिका | : | नेपालको कानुन अनुसार १६ वर्ष मुनिका विद्यालय जाने उमेरका बालबालिका |
| सिविन | : | चाइल्ड वर्कर्स इन नेपाल कन्सल्ड सेन्टर |
| UNIECF | : | United nation children fund |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा अवधारणाात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

### २.२.१ मार्क्सवादी सिद्धान्त

समाज र संस्कृतिलाई बुझ्ने व्याख्या र विश्लेषण गर्न प्रक्रियात्मक द्वन्द्वात्मक, परनिर्भरता, विश्वव्यवस्थापन जस्ता विभिन्न सिद्धान्तहरू रहेका छन । त्यसमा पनि यस अध्ययनमा मार्क्सवादी दर्शनलाई सैद्धान्तिक सिद्धान्तको रुपमा प्रयोग गरिएको छ । सन् १८४८ मा कार्ल मार्क्सद्धारा लेखिएको कम्यूनिष्ट मेनिफेस्टोलाई मानव इतिहासकै महत्वपूर्ण दस्तावेजको रुपमा लिने गरिन्छ । यो पुस्तक कम्यूनिष्ट सिद्धान्तको घोषणापत्र मात्र नभएर श्रम क्षेत्रकै महत्वपूर्ण दस्तावेज पनि हो । औद्योगिक क्रान्तिले बेलायतसँगै सम्पूर्ण यूरोपेली समाजमा आमूल परिवर्तन ल्याएपछि समाज परिवर्तनको दिशातर्फ उन्मुख भएको थियो । उद्योगको तिव्र विकाससँगै श्रम क्षेत्रमा समेत बालबालिकाको प्रयोग हुन थाल्यो । सर्वहारा र बुर्जुवा वर्गमा त्यतिबेलाको समाज विभक्त भएपछि त्यसैको संघर्ष स्वरुप सर्वहारा वर्गका बालबालिका समेत बालश्रममा प्रयोग हुन थाले । न्यूनतम आवश्यकता पूरा गर्ने सर्तमा न्यून वेतनमा काम गर्नु त्यतिवेलाको बालश्रमिकको विवशता थियो । कार्ल मार्क्सले त्यस बेला नै बालश्रमको भयावह अवस्थालाई मूल्याङ्कन गरी बालश्रम उन्मुलन तथा न्यूनीकरणका लागि निम्न तीन रणनीति प्रस्तुत गरेका थिए: जुन सम्पूर्ण बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था, औद्योगिक बालश्रमको उन्मूलन, बालश्रमकलाई गैरकानुनी र अवैध घोषणा गर्ने रहेको छ (मार्क्स, १९६९) ।

मानव इतिहासको विविध कालखण्डमा बालबालिकाहरू श्रमिक र दासका रुपमा काम गर्न विवश थिए । अझ औद्योगिक क्रान्तिताका बालश्रम शोषणको चरम उत्कर्षमा नै पुगेको थियो । त्यस बेला बालबालिकाहरूलाई श्रमिकका रुपमा उपयोगी र किफायती मानिन्थ्यो, कारण उनीहरू शारीरिक रुपमा पनि साना हुन्थे र वयस्कले उद्योगका साँघुरा स्थान र खानीका साँघुरा क्षेत्रमा गएर काम गर्न नसक्दा बालश्रमिकको प्रयोग हुन्थ्यो । बालबालिकाहरूलाई व्यवस्थापन र नियन्त्रण गर्न पनि सजिलो हुने र वयस्क भन्दा कम वेतन दिए पनि हुनेजस्ता कारणले बालश्रमलाई वढावा दिएको थियो । प्रायःजसो बालश्रमिकहरू पढाई छाडि परिवारको अभिभारा वहन गर्न वाध्य थिए ( मार्क्स, १९६९)।

१९ औ शताब्दीको शुरुवातमा समाजसुधारक र केही श्रम संगठनले बालश्रमलाई उन्मुलन र नियन्त्रण गर्न केही प्रयासको थालनी समेत गरी सकेका थिए । सन् १९३० को दशकको महामन्दी पश्चात भने बालश्रमको चरम प्रयोग भएको पाइन्छ । यसले गर्दा पनि विश्वमा नै बालश्रमिकको अवस्था झनै विकराल हुदै गएको थियो । सन् १९०० मा अमेरिकामा कुल श्रमिकमध्ये १८ प्रतिशत १६ बर्ष मुनीका बालश्रमिक थिए । द्धितीय विश्वयुद्ध पश्चात भने अमेरिकामा बालश्रमिकका समस्या निर्मूल भएका छन् (ट्राट्नर, क्रुसेड फर दि चिल्ड्रेन, १९७०) ।

## २.२.२ विभेदीकरणको सिद्धान्त

ग्रीसका अर्का दार्शनिक एरिस्टोटलका चिन्तनमा विभेदीकरणको मूल कारण आर्थिक हो । समाजमा धनी र गरीव, उच्च र निम्न वर्गका मानिसहरु रहेका हुन्छन् । धनी वर्ग र गरीब वर्गमा आपस द्वन्द्वको सुरूवात हुन्छ भने धनी वर्गले गरी वर्गको श्रम शोषण गर्ने र आन्तरीक कलह हुने गर्दछ ।  यस किसिमको विभेदीकरणको अवस्थाले सामाजिक न्यायमा बाधा पुगिरहेको हुन्छ । अतः सामाजिक विकास गर्न न्यायपूर्ण उत्पादन प्रणाली र वितरणमा दलित वर्गको संम्लग्नता बढाउन चित शैक्षिक सेवाहरु प्राप्त गर्न सकारात्मक विभेदीकरण नीति बनाई कार्यमा ल्याउनु सरकारको प्रमुख दायित्व हुन  जान्छ ।

## २.२.३ सामाजिकरणको सिद्धान्त

सामाजिकरण सामाजिक प्रक्रिया सम्बन्धी अवधारणाात्मक सिद्धान्त हो । सामाजिकरण भन्नाले सिक्ने प्रक्रियालाई बुझाउछ । त्यसकारण सामाजिकरण एउटा यस्तो सामाजिक प्रक्रिया हो, जुन प्रक्रिया मानिसले जीवनभरी चलि नै रहन्छ । मानिस जन्मदा खेरी एउटा जैविकिय प्राणीको रुपमा मात्र जन्मेको हुन्छ, उक्त जैविकिय प्रणीलाई सामाजिक प्राणीको रुपमा रुपान्तरण हुने प्रक्रिया नै सामाजिकरणको प्रक्रिया हो, जुन सामाजिक रुपान्तरणको प्रक्रियामा समाजका विभिन्न तत्वहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । जस्तै, परिवार, छरछिमेक, इष्टमित्र, आफन्त, विद्यालय तथा सामाजिक संस्थालगायत आधूनिक सञ्चारमाध्यम आदि पर्छन् ।

जर्मनीका पब्लिक हेल्थ र शिक्षा बिषयका प्रोफेसर Klaus Hurrelmann को सिद्धान्तमा सामाजिकरण प्रक्रियामा सामाज र व्यक्तिबीचमा तनाबको अवस्था सृजना हुन्छ । समाजको प्रभावका कारण व्यक्तिको व्यक्तित्व बिकास समेत असर परीरहेको हुन्छ । समाजको प्रभावका कारण व्यक्तिको व्यक्तित्व बिकासमा समेत असर परीरहेको हुन्छ । उनले यस सिद्धान्तको बिकासको

क्रममा व्यक्तित्व र क्षमता बिकास जैविकीय तथा जनसाख्यिक परिवर्तनहरू, शैक्षणिक गतिविधीहरू, परिवार, पूर्व विद्यालयको सुविधा, यूवा समूहको संलग्नताजस्ता प्रयोगात्मक परीक्षणद्धारा बालश्रम र शैक्षिक वातावरणको अध्ययन गर्ने प्रयास गरेका छन् ।

मानवले एक स्वायत बिषयका रुपमा जीवन पर्यन्त सामाजिक एकीकरण र व्यक्तित्व बिकासका लागि विभिन्न प्रयासका माध्यमद्धारा सन्तुलन कायम गर्ने प्रयास गरेको हुन्छ । बालश्रमिकले पनि आफू बसेको सामाजिक परिवेस र समाजसँग आत्मासमीकरणको माध्यमद्धारा सहअस्तित्व र सहसम्बन्ध स्थापना गर्ने प्रयास गरीरहेको हुन्छ (हुरेलम्यान, सोसल स्टकचर प्रर्सनलिटी डिभलपमेटन्ट, १९८८, पृ.१२ ) ।

अतः मानिसको सामाजिक जीवनमाा हुने विभिन्न किसिमका सामाजिक तथा साँस्कृतिक चालचलन, रीतिरिवाज तथा संस्कारहरूले पनि सामाजिकरणको प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेको हुन्छन् । त्यसकारण मानिसको सामाजिक जीवन भन्नु नै सामाजिकरणको परिणाम हो । जहाँसम्म यस अनुसन्धानको उद्धेष्यलाई यस धारणाासँग समायोजन गर्दा भन्न सकिन्छ कि सामाजिकरणका कारणले पनि बालबालिकाको व्यक्तित्व विकासमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ ।

अधिकांस घरेलु बालश्रमिकहरू गरिव परिवारमा जन्मनुका कारणले भाग्यवादी विचारलाई नै आत्मासाथ गरी सामाजिक जीवनमा रुपान्तरण हुन्छन् । हाम्रो जस्तो सामन्तवादी समाजमा सामन्ती संस्कारहरूले प्रभाव सहजै रुपमा ती घरेलु बालश्रमिक बालबालिकाहरूमा परेको देखिन्छ । उनीहरू गरीव परिवारमा जन्मन्छन् र सानै उमेरमा हुने खानेका घरमा घरेलु श्रमिकका रुपमा काम गर्छन् । ठूलावडाका घरमा काम गर्न पाउनु तथा खान पाउनु नै अहोभाग्य हो भन्ने विचारले प्रधानता पाउदछ र यसलाई ती घरेलु श्रमिकहरूले तथा तिनीहरूका अभिभावकले पनि सहजै रुपमा लिएको पाइन्छ ।

आजभोलि सामाजिक परिवर्तन र राजनीतिक परिवर्तनका कारणले गर्दा बाध्यतावस हुने, खाने वर्गहरू जो आ-आफ्ना घरेलु बालश्रमिकहरूलाई बाध्यतावश अत्यन्त न्युन गुणस्तरका विद्यालयहरू भर्ना गर्छन् । जसलाई मालिक र बालश्रमिकले पनि उत्साहजनक रुपमा लिएका हुन्छन् । तर वास्तवमा घरेलु श्रमिकको बस्ने ठाउ, साथीसंगी तथा इष्टमित्रलगायत विद्यालयबाट पनि भाग्यवादी विचारभन्दा माथिका कुराहरू सिक्ने मौका पाएका हुदैनन् । जसले उनीहरूको जीवनमा सामाजिक रुपान्तरणमा नकारात्मक प्रभाव परेको हुन्छ । जुन परिणाम स्वरुप उनीहरू त्यही वातावरणभित्र आफ्ना व्यक्तित्व तथा प्रतिभाको विकास गर्न पाएका हुदैनन् । समग्रमा भन्ने

हो भने, घरेलु बालश्रमिक विद्यार्थीहरू गलत सामाजिकरणका विचारबाट प्रभावित भइ गलत तरिकाले आफ्नो व्यक्तित्वलाई समाजमा रुपान्तरित गरीरहेका हुन्छन् ।

## २.२ व्यावहारीक साहित्यको पुनरावलोकन

काफ्ले र ढकाल (२०६९) का अनुसार बालबालिका सम्बन्धी ऐन २०४८ को व्यवस्था अनुसार १६ वर्ष सम्मकालाई बालबालिका मानिने उनीहरुलाई अनैतिक पेशामा लगाउन नपाईने, १४ वर्ष नपुगेकालाई श्रमिकको रुपमा काममा लगाउन नहुने, ३ घण्टा काम गरेपछि कम्तिमा आधा घण्टा विश्राम दिनुपर्ने साथै १४-१६ वर्षका बालबालिकाहरुको ईच्छा विरुद्ध काममा लगाउन नपाईने व्यवस्था छ तर पनि त्यो व्यवहारमा लागू नगरेको प्राप्त भएको देखिन्छ । नेपालमा बालअधिकारको संरक्षण र उनीहरुको शारिरीक, मानसीक र वौद्धिक विकासका लागि बाल अधिकार सम्बन्धि ऐन २०४८ जारी गरियो । दशौं पञ्चवर्षिय योजना (२०५९-६४) अनुसार कक्षा एकमा भर्ना हुने विद्यार्थी मध्ये ४०% बालविकास केन्द्र वा पुर्व प्रथामिक कक्षाबाट आउने व्यवस्था मिलाउन यसका लागि बालविकास केन्द्रको संख्या १३०० पुऱ्याउने र प्राथमीक तहमा खुद भर्नादर ९०% पुऱ्याउने साथै बालबालिकालाई पौष्टिक आहारा र छात्रावृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी बालबालिकाको लागि १० वर्षे कार्य योजना (२०६१/६२ -२०७१ /७२) लागु गरिएको छ । यस योजनामा बालविकास केन्द्रको विस्तार बालाबालिकालाई शिक्षामा पहुँच, निशुल्क एवंम् अनिवार्य शिक्षामा सहभागीता, दक्षतामा अभिवृद्धि, बालमैत्री वातावरणको व्यवस्था, शिक्षामा लैङगिक समानता, विद्यालयलाई शान्तिपुर्ण क्षेत्रको रुपमा व्यवस्था गर्ने उल्लेख गरिएको छ । राज्यले उल्लेखित रणनीतिका साथ अघि बढेता पनि नेपालमा करिव १० लाख बालबालिकाहरु बालश्रममा संलग्न रहेका छन् । नेपालको शैक्षिक तथ्याङक अनुसार एक तिहाई बालाबालिका विद्यालय प्रवेशको अवसरबाट बञ्चित भएको प्राप्ति पाइएको छ ।

पराजुलि (२०७२) का अनुसार मानव इतिहासको विविध कालखण्डमा बालबालिकाहरू श्रमिक र दासका रुपमा काम गर्न विवश थिए । अझ औद्योगिक क्रान्तिका बालश्रम शोषणको चरम उत्कर्षमा नै पुगेको थियो । त्यसबेला बालबालिकाहरूलाई श्रमिकका रुपमा उपयोगी र किफायती मानिन्थ्यो । कारण उनीहरू शारीरिक रुपमा पनि साना हुन्थ्ये र वयस्कले उद्योगका साँघुरा स्थान र खानीका साँघुरा क्षेत्रमा गएर काम गर्न नसक्दा बालश्रमिकको प्रयोग हुन्थ्यो । बालबालिकाहरूलाई व्यवस्थापन र नियन्त्रण गर्न पनि सजिलो हुने र वयस्कभन्दा कम तलब दिए पनि हुने जस्ता

कारणले बालश्रमलाई बढावा दिएको थियो । प्रायः बालश्रमिकहरू पढाइ छाडेर परिवारको अभिभारा बहन गर्न बाध्य थिए ।

खड्का (२०७१) का अनुसार बालअधिकारसम्बन्धी उक्त सभाले एउटा आधार खडा गरेको छ, जसको कारणले सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाहरूलाई बालअधिकारसम्बन्धी समस्याहरूको पहिचान गर्न र उनीहरूको उचित स्याहार-सुसार, पालनपोषण, शिक्षादीक्षासम्बन्धी प्रभावकारी कार्यक्रम लागू गर्ने नीति लिन सक्नेछ । साथै यसले नेपालका महिला तथा बालबालिकाको अवस्थाको विश्लेषणात्मक संरचना तयार पार्न सहयोग पुऱ्याउँछ । उक्त महासन्धिको अनुमोदन पश्चात बालबालिकाहरूको भलाइको निम्ति साझा उद्देश्य लिन सर्वसाधारणा, सरकार र सञ्चारमाध्यमलाई अभिप्रेरित गरेको प्राप्त भएको देखियो ।

थापा (२०६८) का अनुसार नेपालको कानुनले लिङ्ग, जाति, भाषा, धर्म र सामाजिक स्थिति स्वास्थ्य, शिक्षा, खानेपानी एवम् सुरक्षाजस्ता विषयहरूमा बालबालिकाहरूबीच कुनै विभेद हुँदैन भन्ने मान्यता लिएको थियो । उक्त कानुनले बाबुआमाको छोराछोरी र बालबालिकाप्रतिको उत्तरदायित्व, सरकारी सेवा जस्तै श्रम ऐन, १९९२, सामाजिक सुधार ऐनले पनि बालअधिकारको सुरक्षा र उनीहरूको विकासप्रति प्रतिबद्धता व्यक्त गरेको पाइन्छ, भने सरकारले बालश्रम निषेध र नियमित ऐन, २०५६ लाई २०६१ मङ्सिरदेखि लागू गरेको छ । ऐनमा १४ वर्षभन्दा मुनिका बालबालिकालाई कुनै काममा लगाउन नपाइने व्यवस्था गरिएको छ । उक्त ऐनमा संगठित उद्योग, प्रतिष्ठानहरूले श्रम कार्यालयको स्वीकृति लिएर मात्र बालबालिकालाई काममा लगाउन सक्ने व्यवस्था गर्नुका अतिरिक्त श्रम कार्यालयले निश्चित संरक्षकत्व तोकी यस्तो स्वीकृति दिनसक्ने व्यवस्था गरेको छ । प्रतिष्ठानहरूले बालबालिकाहरूलाई दिनमा छ घण्टा र सातामा ३६ घण्टा मात्र काममा लगाउन सक्ने प्रावधान ऐनमा उल्लेख छ । तोकिएको समयबाहेक अतिरिक्त पारिश्रमिक दिएर पनि काममा लगाउन नपाइने र बेलुका छ बजेपछि बिहान छ बजेको समय अवधिभर पनि काममा लगाउन निषेध गरेको छ । तर, व्यवहारमा कार्यान्वयन भएको छैन ।

घिताल (२०६८) का अनुसार वि.स. २०४८ मा घरेलु बालश्रमिकको अवस्थामा एक अध्ययन गरेकी रुपा घितालले बालश्रमिकको संख्या तीस हजार भन्दा बढी भएको उल्लेख गरेकी छन् । उनको अध्ययन अनुसार बँधुवा र अर्धबँधुवा बालश्रमिक रहेका छन् । तीमध्ये बालिकाहरूको अवस्था भयावह रहेको छ। घरेलु बालश्रमिक घरबेटीबाट मानसिक एवम शारीरिक रुपले प्रताडित छन् । प्रायःजसो खाना र बस्ने सुविधामा उनीहरू काम गरीरहेका छन् भन्ने प्राप्ति पाइएको छ ।

शिवाकोटी (२०७२) का अनुसार बालश्रमको प्रमुख जरोका रुपमा रुढीवादी संस्कार र ग्रामीण गरिबी नै प्रमुख तत्व रहेका छन् । अन्धविश्वास र रुढीवादी परम्परागका कारण विपन्न समुदायमा सन्तानोत्पादनलाई ईश्वरको वरदान मान्ने तथा छोराको विशेष अनिवार्यता ठान्ने शिक्षादिक्षा र पालनपोषण गर्न अभिभावकले नसकी सम्पन्न परिवारमा पढाइदिने बहानामा बाल श्रमिकको रुपमा घाँस काट्न, भाँडा माझ्न, लुगा धुन राखेको पाइयो । जनसख्याको लगभग तीस प्रतिशत हिस्सा ओगटेको वालवालिकाको क्षेत्रमा करिब पन्ध्र प्रतिशत वालश्रमिक भएर शिक्षा लिनबाट छुटेका छन् भने राज्यले भोलिका कर्मठ योद्धा र दक्ष जनशक्ति गुमाउनु परेको प्राप्ति पाइयो ।

## २.३ साहित्यको पुनरावलोकन उपदेयता


यसै विषयवस्तुसँगै सम्बन्धित साहित्यहरु र विविध लेखकहरुले लेखेका लेख रचना, पुस्तक, विभिन्न विद्वानहरुले प्रतिपादन गरेका सिद्धान्तहरु तथा विचारको अध्ययन गरी विषयवस्तुलाई गहिराइमा पुग्न ठूलो सहयोग गरेको छ । यस्ता सामग्रीहरुले शोधकार्य गर्न निर्देशन प्राप्त हुन गई अनुसन्धान विश्वसनीय र वैद्य हुन पुगेको छ । अध्ययनका क्रममा प्रयोग गरिएका विविध साहित्यहरुको पुनरावलोकन र सैद्धान्तिक खाकाबाट अध्ययन कार्यलाई अघि बढ्न र खोजिनीति हुन नसकेका विविध विषयलाई खोजी गर्न सहयोग मिलेको छ । अनुसन्धानबाट प्राप्त कुराहरुले अध्ययनको उपयोगिताको बारेमा स्पष्ट गराउँछ । यस अध्ययनमा पुनरावलोकनका रुपमा रहेका सम्पूर्ण श्रोतहरुले स्पष्ट पार्ने काम गर्दछ । जसले गर्दा अध्ययन औचित्यपूर्ण र प्रभावकारी बन्ने छ । यो सोधपत्रसँगै सम्बन्धित विभिन्न खालका पुराना शोधपत्रहरुलाई अध्ययन गर्दा बालश्रमिकहरुलाई उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्था सुधार गर्न उनीहरु प्रति सकारात्मक धारणााको विकास हुन जरुरी छ । यसरी घरेलु बालश्रमिकहरुको  बारेमा विभिन्न साहित्यहरुको पुनरावलोकन गरी प्रभावकारी ढंगले अध्ययन अनुसन्धानलाई अघि बढाउनका  लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु अति आवश्यक हुन्छ ।

त्यस्तै कसै कसैले त बधुवा बालमजदुर, नेपालमा बालश्रमिकको अवस्था, औद्योगिक बालश्रमिक र घरेलु बालश्रमिकको सामाजिक-आर्थिक अवस्था शीर्षकमा अनुसन्धान गरेको छ । त्यसैले गर्दा  घरेलु बालश्रमिकको शिक्षामा पहुँच बारेमा गरिएको अनुसन्धानमा घरेलु बालश्रमिकको अवस्थाको पहिचान गर्न, शैक्षिक अवस्थाको विश्लेषणा गर्न र शिक्षाको पहुँचको मूल्याङ्कनका बारेमा अध्ययन गर्न सहज हुने देखिएको छ । बालबालिकालाई नाफा कमाउन उद्देश्यले प्रयोग गुर्न

हुदैन भन्ने व्यक्तिहरूका लागि सहयोग पुग्दछ । स्वयम् बालबालिकालाई रोजगारी, शिक्षा, स्वास्थ्य सेवा र अवसरका लागि चक्रो श्रम गर्न शहर पस्नु पर्दैन भन्ने चेतना जोगाउँनमा सहयोग पुग्छ । यसै शीर्षकमा अनुसन्धान गर्ने जोसुकैलाई पनि यो अध्ययन सहयोगी हुनुका साथै नीति निर्माताहरूलाई बालअधिकारको सवालमा सचेत भएर उनीहरूका पक्षमा नीति निर्माण गर्न सघाउ पुऱ्याउनेछ । घरेलु बालश्रमिकको शैक्षिक अवस्था के कस्तो छ सो बारेमा पनि अध्ययन गर्नेका लागि पूर्णरुपमा सहयोगी हुन्छ भने यस शोधकार्यले साहित्यको पुनरावलोकनबाट विषयवस्तुको गहिराइमा पुग्न ठूलो सहयोग गरेको छ ।

## २.४ अवधारणाात्मक ढाँचा

अधिकांस घरेलु बालश्रमिकहरू गरिव परिवारमा जन्मनुका कारणले भाग्यवादी विचारलाई नै आत्मासाथ गरी सामाजिक जीवनमा रुपान्तरण हुन्छन् । हाम्रो जस्तो सामन्तवादी समाजमा सामन्ती संस्कारहरूले प्रभाव सहजै रुपमा ती घरेलु बालश्रमिक बालबालिकाहरूमा परेको देखिन्छ र उक्त चक्रलाई तल प्रस्तुत गरिएको छ :



प्रत्येक वालवालिकालाई आफ्नो काम, अधिकार र पहिचानको हक हुनेछ। प्रत्येक वालवालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ, प्रत्येक वालवालीकालाई शारिरिक, मानसिक वा अन्य कुनै किसिमको शोषणविरुद्धको हक हुनेछ, वालवालीकालाई कुनै कलकारखाना, खानि वा अन्य कुनै जोखिमपूर्ण काममा लगाउन पाइने छैन भने घरेलुवालश्रमिकको शैक्षिक अवस्थालाई परिवारको जिवनस्तर, आधारभूत अवश्यकता पेशा, परिवारको शैक्षिक स्थिति, सामाजिक मुल्यमान्यताहरूले प्रभाव पर्ने गर्दछ। सामाजिक क्रियाकलापमा संलग्न हुने, दैनिक कम ज्यालामा काम गर्ने मानिसहरूले आफ्नो परिवारका आवश्यकता परिपुर्ति गर्न समस्या हुने भएकाले पनि शैक्षिक अवस्था कमजोर हुने गर्दछ। देशका लागी उपलब्ध साधन-स्रोत राजनितिक, वौद्धिक, सामाजिक तथा राष्ट्रिय शक्तिको रुपमा रहेका एकमात्र मेरुदण्डिय क्षेत्र शिक्षा हो, जुन शिक्षा भोलिका कर्णधार आजका वालवालिकाले पाउनुपर्छ तर नेपाली समाजमा अझैपनि धेरै वालवालिकाहरू वालशिक्षाबाट बञ्चित छन। फलस्वरुप आफ्नो पेट पाल्न र शिक्षा हासिल गर्न कै लागि घरेलु बालश्रमिक बन्नु परेको देखिन्छ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानमा परिमाणात्मक ढाँचामा आधारित भई प्राप्त तथ्यांकलाई वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। यो अध्ययनमा मुख्य रुपमा घरेलु बालश्रमिकहरूको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको व्याख्या तथा विश्लेषण गरिनुका साथै घरेलु बालश्रमिकहरूको मुख्य समस्याको बारेमा जानकारी प्राप्त गरिएको छ।

## ३.२ जनसंख्या, नमूना, नमुना छनोट प्रक्रिया

यस अध्ययनको लागि झापा जिल्ला झापा गाउँपालिकामा रहेको १६ वर्षमुनिको ८० जना घरेलुबालश्रमिकलाई नमुनाको जनसङ्ख्याको रूपमा लिइएको छ।

यस अध्ययनका लागि सबै जनसंख्यालाई अध्ययन गर्न नसकी सम्भावना रहित नमुना छनौट अनर्तगत उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाएर १६ वर्षमुनिको ८० जना बालश्रमिकलाई नमुना छनोट गरिएको छ।

## ३.३. अध्ययनको क्षेत्र

यो अध्ययन झापा जिल्लाको सुरूङ्गा बजारबाट करिब १८ कि.मी दक्षिणमा भारतीय क्षेत्रको आसपासमा फैलिएर रहेको झापा गाउँपालिका वडा नं. ४ को सुकुम्बासी बस्ति नै अध्ययनको क्षेत्र रहेको छ। यो अध्ययन क्षेत्र भौगोलिक, राजनितीक, आर्थिक र सामाजिक तरिकाबाट तथ्याङ्क सङ्कलन गर्न सहज रहने हुँदा उक्त क्षेत्रको छनोट गरिएको छ।

## ३.४ तथ्याङ्क संकलनका श्रोतहरू

यस अनुसन्धानलाई सफल र उत्कृष्ट बनाउनका लागि तथ्याङ्क संकलन गर्ने क्रममा विभिन्न किसिमका प्राथमिक र द्वितीय श्रोतहरूको प्रयोग गरिएको छ। प्राथमिक श्रोतको रुपमा बन्द प्रश्नावली तयार पारी घरेलु बालश्रमिकहरूलाई सोधिएको छ। यसबाट उनीहरूको सामाजिक, आर्थिक र शैक्षिक स्थितिको बारेमा जानकारी प्राप्त गरिएको छ। त्यसैगरी अनुसन्धानलाई सहायक

हुन सक्ने पुस्तक, पत्रपत्रिका, अभिलेख, विभिन्न किसिमका प्रतिवेदनहरू साथै विभिन्न शोधपत्रहरूबाट द्वितीय श्रोतको रुपमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका प्रक्रिया

यस अनुसन्धानका लागि छनौट गरिएका घरेलु बालश्रमिकलाई अन्तर्वाता सूचीको प्रयोग गरी सूचना तथा तथ्याङ्क संकलन गरिएको छ । शोधपत्र तयार पार्ने क्रममा शोध निर्देशक, विषयविज्ञ तथा साथीहरूसँग छलफल गरी उनीहरूको सल्लाह अनुसार शोधपत्र लेखन कार्यलाई पूरा गरिएको छ ।

## ३.६ तथ्याङ्कको ब्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत अनुसन्धान अध्ययनका क्रममा तयार पारिएका विभिन्न तथ्याङ्क साधनहरूबाट संकलित प्रथमिक तथ्याङ्कलाई तथ्याङ्क शास्त्रीय विधिहरूको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । आवश्यकतालाई मध्यनजर राख्दै दिइएको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतमा व्यत्त गरी वृत्तचित्र, स्तम्भचित्र र तालिकामा प्रस्तुत गरी सरल र स्पष्ट रूपमा आकर्षित खालको बनाइएको छ साथै अनुसन्धानबाट प्राप्त तथ्याङ्कको ब्याख्या र विश्लेषणलाई पारदर्शिता र सहज रूपबाट निष्कर्ष निकालिएको छ ।

# परिच्छेद : चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

घरेलु बालश्रमिकको शिक्षामा पहुँच सम्बन्धी अध्ययनको उद्देश्य परिपूर्ति गर्नका लागि घरेलु बालश्रमिक, शिक्षक/प्रधानाध्यापक, सामाजिक संस्थाका प्रतिनिधि, काम लगाउने व्यक्ति र अभिभावकहरूबाट प्राप्त सूचनाको आधारमा नतिजाको व्याख्या र विश्लेषण गरिएको छ।

## ४.१ घरेलु बालश्रमिकको शैक्षिक अवस्था

शिक्षा मानव जीवनलाई उचित तरीकाले जिउनको लागि अति आवश्यकीय तत्व हो। त्यसैले कुनै पनि मानिसमा देखा परेका समस्याहरू सामाधान गर्न उसको शैक्षिक अवस्थाले त्यसलाई केही हदसम्म भएपनि सहयोग गर्दछ। त्यस्तै बालबालिकालाई पनि शैक्षिक अवस्थाले फरक पारिरहेको हुन्छ। त्यसैले अध्ययन क्षेत्र भित्र रहेका सम्बन्धित बालश्रमिक बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा निम्नअनुसारको नतिजा प्राप्त भयो जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : बालश्रमिकको शैक्षिक अवस्था

| क.स. | शैक्षिक अवस्था | बालश्रमिकको सङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | २४ | २९ |
| २ | निरक्षर | ५६ | ७१ |
| | जम्मा | ८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको आधारमा २४ जना बालबालिका घरेलु बालश्रमिक भएर पनि आफ्नो उज्ज्वल भविष्यको आसमा विद्यालयमा अध्ययन गरिरहेको पाइयो। जसमा साक्षर हुँदै गरेका २९ प्रतिशत र निरक्षर ७१ प्रतिशत भेटिए। माथिको तथ्याङ्कका आधारमा नेपाल सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पुऱ्याउने उद्देश्य पुरा हुन नसक्ने देखिन्छ भने अध्ययन गर्न जाने

बालबालिकाहरू काम गरेको कारणले कुनै कुनै बेला थकानले गर्दा विद्यालयमा नै निदाउने गरेको पनि बताए ।

### ४.१.१ घरेलु बालश्रमिकको तहगत शैक्षिक अवस्था

शिक्षा जन्मसिद्ध अधिकार र विकासको मेरुदण्ड पनि हो । हरेक व्यक्तिको शैक्षिक पहुँच बिना समाज र राष्ट्रको प्रगती र अग्रगमन सम्भव छैन । घरेलु बालश्रमीक बालबालिकाहरूको तहगत शैक्षिक अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका २ : घरेलु बालश्रमिकको तहगत शैक्षिक अवस्था

| क.स. | शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्राथमिक | २० | ८३.३३ |
| २ | निम्न माध्यमिक | ३ | १२.५ |
| ३ | माध्यमिक | १ | ४.१७ |
| | जम्मा | २४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको अनुसार तहगत रूपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा प्राथमिक तहमा २० जना, निम्नमाध्यमिक तहमा ३ जना र माध्यमिक तहमा तीन जना अध्ययन गर्ने गरेको पाइयो । यस आधारमा भन्दा प्राथमिक र निम्न माध्यमिक तहमा अध्ययन गर्नेको अवस्था सन्तोषजनक नै जस्तो लागे पनि माध्यमिक तहमा अध्ययन गर्नेको सङ्ख्या १ जना रहेको पाइयो । यस तथ्याङ्कले के पुष्टि गर्छ भने प्राथमिक र निम्न माध्यमिक तह पार गरेपछि माध्यमिक तहमा भने कमैले पढ्ने गरेको देखाउँछ । त्यसैले शिक्षामा सबैको पहुँच हुनुपर्छ । जुनसुकै किसिमको नागरिक होस्, ऊ शिक्षाबाट वञ्चित हुनु भनेको सामाजिक न्याय विपरीत हुन जान्छ । त्यसैले चाहे औपचारिक शिक्षा होस् वा अनौपचारिक शिक्षा मार्फत् राष्ट्रका हरेक नागरिकलाई शिक्षाबाट वञ्चित गराउनु हुँदैन । साथैं ज-जसले बालश्रमिकलाई घरमा काम लगाउने गरेका छन्, उनीहरूको सोचाइमा पनि परिवर्तन ल्याउँनुपर्छ अनि मात्र बालबालिकालाई पढाइतर्फ सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सकिन्छ ।

घरेलु बालश्रमिकको पढाइको स्तर कस्तो छ ? भनी सोधिएको प्रश्नको जवाफमा जगदम्बा प्रा.वि.का शिक्षक सकुन्तला के.सी घरेलु बालश्रमिकको पढाइको स्तर कमजोर नै भएको बताउनुहुन्छ। यसै सम्बन्धमा झापा जिल्लाको झापा गाउँपालिकाको डिल्लीराज माध्यमिक विद्यालयका शिक्षक यज्ञ बहादुर खरेलले घरेलु बालश्रमिकको पढाइको स्तर मध्यम भएको बताउनुहुन्छ।

यसै सम्बन्धमा घरेलु बालश्रमिक राख्ने झापा जिल्ला झापा गाउँपालिकाका घरबेटी गोपाल खत्री भन्नुहुन्छ :

> मेरो घरमा काम गर्ने घरेलु बालश्रमिक मोहन टुडुको पढाइप्रति सन्तुष्ट छुइनँ। विद्यालयमा भर्ना गरेलगतै बिरामी भएर उनले पढ्न सकेनन् भने विरामी ठिक भई सकेपछि पनि खासै पढ्न मन गर्दैन बोरू साथीहरूसँग खेल्न जाने गर्छ। उसको परिवारले पनि खासै उसको मतलब गर्दैनन्।

## ४.१.२ कक्षागत रूपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्था

अध्ययन क्षेत्रमा रहेको घरेलु बालश्रमिको शैक्षिक अवस्था कस्तो रहेको छ भनि कक्षागत रूपमा हेर्दा निम्नानुसारको विवरण प्राप्त भएको छ :

तालिका ३ : कक्षागत रूपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्था

| क्र.स. | कक्षागत शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कक्षा १ | १३ | ५४.१७ |
| २ | कक्षा २ | ३ | १२.५ |
| ३ | कक्षा ३ | १ | ४.१७ |
| ४ | कक्षा ४ | १ | ४.१७ |
| ५ | कक्षा ५ | २ | ८.३३ |
| ६ | कक्षा ६ | ३ | १२.५ |
| ७ | कक्षा ७ | - | - |
| ८ | कक्षा ८ | - | - |
| ९ | कक्षा ९ | १ | ४.१७ |
| १० | कक्षा १० | - | - |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार कक्षागत रूपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा कक्षा १ मा १३ जना, कक्षा २ मा ३ जना, कक्षा ३ मा १ जना, कक्षा ४ मा १ जना, कक्षा ५ मा २ जना, कक्षा ६ मा ३ जना र कक्षा ९ मा १ जना घरेलु बालश्रममा संलग्न बालबालिका रहेको पाइयो । गरिबीका कारणले उपेक्षित बालबालिकाहरू घरेलु श्रम नै गरेर भए पनि अध्ययनलाई जोड दिएको देखिन्छ भने अधिकांश बालश्रमिक प्राथमिक तहमा नै अध्ययन गर्ने गरेको देखियो । प्राथमिक तहभन्दा माथिल्लो तहमा अध्ययन गर्न समस्या रहेको देखियो ।

### ४.१.३ विद्यालय जाने विषयमा घरबेटीको व्यवहार

यहाँका मानिसहरुको आर्थिक अवस्था कमजोर भएकाले सानै उमेरदेखि छोराछारीहरुलाई कुनै न कुनै कार्यमा संलग्न गराईएकोले गर्दा उनीहरू विद्यालय जानबाट बञ्चित भएका छन् र अरूकोमा नै काम गर्दै भए पनि विद्यालय जाने बालश्रमीकहरूलाई घरबेटीहरूले कस्तो व्यवहार गर्दछन् भनी सोधिएको प्रश्नमा निम्नानुसारको विवरण प्राप्त भयो :

तालिका ४ : विद्यालय जाने विषयमा घरबेटीको व्यवहार

| क.स. | घरबेटीको व्यवहार | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाधा अवरोध गर्छन् | ४ | १६.६७ |
| २ | बाधा अवरोध गर्दैनन् | ३ | १२.५ |
| ३ | चसो राख्दैनन् | ५ | २०.८३ |
| ४ | विशेष चासो राख्छन् | १२ | ५० |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार विद्यालय जाने विषयमा घरबेटीले अवरोध गर्नेको सङ्ख्या ४ र चासो नै नराख्ने ५ जना रहेको पाइयो । यस्तै बाधा अवरोध नगर्ने तीन जना र विशेष चासो राख्ने १२ जना रहेको पाइयो । बालबालिकाका निम्ति नभइ नहुने कुरा भनेको शिक्षा, स्याहार र माया-ममता हो । अझ गहिरिएर भन्नुपर्दा मानवजातिको आधारशीला भनेकै प्रेम हो तर घरेलु

बालश्रमिकको हकमा समस्या देखिन्छ । जसले गर्दा घरेलु बालश्रमिकहरूको भविष्य पनि अनिश्चित र अन्धकार हुन सक्छ ।

### ४.१.४ घरेलु बालश्रमिकलाई सहपाठीले गर्ने व्यवहार

वालवालिका राष्ट्रका भविष्य हुन् अतः उनीहरुको विकास र संरक्षणमा कानुनी रुपले मात्र होइन व्यवहारिक रुपले नै प्रवन्ध मिलाइदिनु पर्दछ । यस घटना अध्ययनमा संलग्न घरेलु बालश्रमिकहरूको उमेरका कारण सहपाठीले गर्ने व्यवहारको विवरण निम्नानुसार रहेको छ :

तालिका ५ : घरेलु बालश्रमिकलाई सहपाठीले गर्ने व्यवहार

| क.स. | सहपाठीले गर्ने व्यवहार | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहयोग गर्छन् | २० | ८३.३५ |
| २ | जिस्काएर दिक्क पार्छन् | २ | ८.३३ |
| ३ | चासो राख्दैनन् | २ | ८.३३ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाअनुसार बालश्रमिकलाई सहपाठीले गर्ने व्यवहारमा सहयोग गर्नेमा सबैभन्दा बढी २० जना रहेको पाइयो । यस्तै जिस्काएर दिक्क पार्ने र चासो नराख्ने दुई-दुई जना रहेको पाइयो । बालमैत्री शिक्षण सिकाइका लागि शिक्षक-शिक्षिकाले पनि कक्षाकोठामा भूमिका निर्वाह गर्दा बालश्रमिकलाई मनोवैज्ञानिक असर नपर्ने देखिन्छ ।

### ४.१.५ घरेलु बालश्रमिकलाई शिक्षकले गर्ने व्यवहार

विद्यालयका शिक्षक-शिक्षिकाको असल व्यवहारलाई विद्यार्थीले सिको गर्छन् । कतिपयले भने आफूलाई अव्वल देखाउन नसक्दा, स्वयम् शिक्षक असल नहुँदा र उनीहरूमा हुनुपर्ने सिर्जनशीलताको कमीले गर्दा विद्यार्थीले अनावश्यक दण्ड र सजाय पनि पाइरहेका भेटिन्छन् । झापा गाउँपालिका क्षेत्रका घरेलु बालश्रमिकलाई शिक्षक-शिक्षिकाले गर्ने व्यवहारका सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

तालिका ६ : घरेलु बालश्रमिकलाई शिक्षकले गर्ने व्यवहार

| क.स. | शिक्षकले गर्ने व्यवहार | सङ्ख्या | |
|---|---|---|---|
| १ | अरू विद्यार्थी सरह | १५ | ६२.५ |
| २ | विशेष प्रोत्साहन गर्छन् | ९ | ३७.५ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको अनुसार १५ जना घरेलु बालश्रमिक विद्यार्थीलाई शिक्षक-शिक्षिकाले अन्य विद्यार्थीहरू सरह नै व्यवहार गर्ने गरेको र नौ जनालाई भने विशेष प्रोत्साहन गर्ने गरेको पाइयो । शिक्षकहरूले घरेलु बालश्रमिक विद्यार्थीलाई कुनै अपहेलना सहनुपर्ने समस्या नभएको पाइयो । यो उनीहरूका लागि सकारात्मक पक्ष मान्न सकिन्छ ।

बालश्रमिकको शैक्षिक पहुँच वृद्धिका लागि के गरिएको छ ? भन्ने जिज्ञासामा झापा गाउँपालिकाको डिल्लीराज माध्यमिक विद्यालयका प्रधानाध्यापक भगदेव राजवंशीले घरेलु बालश्रमिकलाई दण्ड, सजाय र होच्याउने व्यवहार नगरी समान व्यवहार र अवसर दिइएको अनि अवस्था हेरी मालिकलाई दैनिक विद्यालयमा पठाइ दिन अङ्ग्रह गरिएको बताउनु भए पनि ३ जना बालश्रमिकको मालिकलाई पटक पटक भन्दा पनि बालबालिकालाई विद्यालय जान नदिने काम लगाउने गरेको पाइयो भने अन्य बालबालिकालाई भने विभिन्न समस्या देखाउने र विद्यालय पठाउन खासै चासो नदेखाउने गरेको बताउनु भयो ।

### ४.१.६ बालश्रमिक विद्यालयमा बस्ने समयावधि

यस अध्ययनको सिलसिलामा घरेलु बालश्रमहरुले भोगेका समस्याहरुको बाबजुद पनि आफ्नो समयलाई मिलाएर विद्यालयमा कति समयावधि अध्ययन गर्नुहुन्छ भनि सोधिएको प्रश्नमा निम्नानुसारको विवरण प्राप्त भयो :

तालिका ७ : बालश्रमिक विद्यालयमा बस्ने समयावधि

| क.स. | समयावधि | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूरा समय | २१ | ८७.५ |
| २ | आधा समय | २ | ८.३३ |
| ३ | मन लागेजति | १ | ४.१७ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको अनुसार विद्यालयमा अध्ययन गर्ने ३ जना बाहेक २१ जना पूरै समय विद्यालयमा बसेर अध्ययन गर्ने गरेको पाइयो । यसरी हेर्दा घरेलु बालश्रमिक विद्यार्थीहरूको विद्यालयमा उपस्थिति भएर अध्ययन गर्ने कार्य चितबुझ्दो देखिन्छ ।

### ४.१.८ घरेलु बालश्रमिकको घरमा पढ्न पाउने समयावधि

घरेलु बालश्रमिक कति समय पढ्छन् भन्नेबारेमा अध्ययन गरी वास्तविकता पत्ता लगाउँदा उनीहरूले पढ्ने गरेको समयले प्रस्ट झल्किन्छ । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ : घरेलु बालश्रमिकको घरमा पढ्न पाउने समयावधि

| क.स. | पढ्न पाउने समयावधि | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एक-दुई घण्टा पढ्छु | २१ | ८७.५ |
| २ | चार-पाँच घण्टा पढ्छु | १ | ४.१७ |
| ३ | पढ्ने समय नै पाउँदिनँ | २ | ८.३३ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको अनुसार सबैभन्दा बढी २१ जना घरेलु बालश्रमिक एक देखि दुई घण्टा पढ्ने गरेको पाइयो भने र १ जना बालश्रमिक चार देखि पाँच घण्टा पढ्ने गरेको पाइयो साथै पढ्ने समय नै नपाउने २ जना बालश्रमिक रहेको देखियो । यसबाट के प्रस्ट हुन्छ भने घरेलु बालश्रमिकले आफैंले पनि अध्ययनमा समय खर्च गर्नुपर्ने देखिन्छ । त्यस कार्यका लागि घरबेटीले सहयोग पुऱ्याउन सक्दा घरेलु बालश्रमिकलाई फाइदा पुग्छ ।

### ४.१.८ घरेलु बालश्रमिकको गृहकार्य (होमवर्क) गर्ने/नगर्ने स्थिति

घरेलु बालश्रमिकको आमाबुबा पनि अशिक्षत भएकोले गर्दा घरबेटीले पनि खासै समय नदिए पनि विद्यालयबाट दिएको गृहकार्य गर्न सिकाउने गरेको पाइयो र बालश्रमिकलाई विद्यालयको गृहकार्य गर्ने गरेको छ भनेर सोध्दा प्राप्त भएको विवरण निम्नानुसार छ :

तालिका ९ : घरेलु बालश्रमिकले गृहकार्य गर्ने/नगर्ने स्थिति

| क.स. | बालश्रमिकले गृहकार्य गर्ने/नगर्ने स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित गर्छु | २१ | ८७.५ |
| २ | समय नै पाउँदिनँ | २ | ८.३३ |
| ३ | सिकाइदिने कोही हुँदैन | १ | ४.१७ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाकोअनुसार घरेलु बालश्रमिक २१ जनाले नियमित होमवर्क गर्ने गरेको पाइयो । यो सकारात्मक पक्ष हो । यस्तै, दुई जनाले होमवर्क गर्न समय नै नपाउने गरेको पाइयो भने एक जनालाई सिकाइदिने कोही नहुँदा कुनै टुङ्गो नहुने गरेको पाइयो । अतः घरेलु बालश्रमिकले विद्यालय गएबाहेकको घरमा पढ्ने समय होमवर्क गर्नमा मात्र खर्चने गरेको र अरू थप गम्भीर भएर पढ्नमा भने समय नखर्चने गरेको प्रस्ट हुन्छ । यसका लागि मार्गनिर्देशन गर्ने व्यक्ति हुनु आवश्यक देखिन्छ ।

घरेलु बालश्रमिक विद्यार्थीले नियमित होमवर्क गर्छन कि गर्दैनन् ? भनी जगदम्बा प्रा.वि. का शिक्षक प्रकाश थापा र सुन्दर बेश्रालाई सोध्दा प्रायः दुवैको साझा जवाफ अनुसार प्रायःजसोले गृहकार्य गर्ने गरेको बताउनुभयो ।

## ४.२ घरेलु बालश्रमिकको शैक्षिक पहुँच

### ४.२.१ घरेलु बालश्रमिकको शैक्षिक सामाग्रीको पहुँच

शिक्षालय वा विश्वविद्यालयमा अध्ययन गर्ने हरेकका लागि शैक्षिक सामग्री अपरिहार्य कुरा हो । यो उनीहरूको आधारभूत शैक्षिक आवश्यकता पनि हो । त्यसैले बालबालिकालाई पढ्नका लागि वातावरण बनाउन उनीहरूलाई आवश्यकता अनुसारका शैक्षिक सामग्रीको व्यवस्था गरिदिनुपर्छ । यदि आवश्यकता अनुसारका शैक्षिक सामग्री उपलब्ध नगराउँदा ती बालबालिकाहरूको मनोविज्ञानमा धेरैजसो निराशा, विचलन र तनाव भइ नै रहेको हुन सक्छ । झापा गाउँपालिका क्षेत्रका घरेलु बालश्रमिकमा शैक्षिक सामग्रीको पहुँच निम्न तालिकामा तयार गरिएको छ ।

तालिका १० : घरेलु बालश्रमिकमा शैक्षिक सामग्रीको पहुँचको विवरण

| क्र.स. | शैक्षिक सामग्रीको पहुँच | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समयमा किताब, कापी र कलम पाइँदैन | ४ | १६.६७ |
| २ | शब्दकोश, व्याकरण र ज्यामिति बक्स छैन | २ | ८.३३ |
| ३ | विद्यालयको प्रोजेक्ट वर्क गर्ने खर्च छैन | ४ | १६.६७ |
| ४ | माथिका सबै | १४ | ५८.३३ |
|  | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको अनुसार समयमा किताब, कापी, कलमसँगै शब्दकोश, व्याकरण, ज्यामिति बक्स र विद्यालयको प्रोजेक्ट वर्क गर्ने खर्च नपाउने १४ जना बालबालिका भएको पाइयो । यस्तै, समयमा किताब, कापी र कलम नपाउने चार जना, शब्दकोश, व्याकरण र ज्यामिति बक्स नहुने मात्र दुई र विद्यालयमा प्रोजेक्ट वर्क हुँदा खर्च नहुने चार जना रहेको पाइयो ।

बालबालिकालाई बाँच्ने, राम्रो स्याहारसुसार, उचित सुरक्षा, तिरस्कार, अवहेलना, शोषण र गालीगलौजरहित व्यवहारजस्ता कुराहरू बालश्रम निषेध र नियमन गर्ने केही ऐन नियम, कार्यविधि र निर्देशिकामा तोकेको छ तर पनि कार्यान्वयन भएको पाइँदैन । अतः घरेलु बालश्रमिकले असाध्य अप्ठेरो र पीडादायक परिस्थिति झेलेर अध्ययन गर्दै आएको प्रस्ट हुन्छ ।

घरेलु बालश्रमिकलाई पढाउँदा के कस्तो समस्या भोग्नुपर्छ ? झापा गाउँपालिका खयरबारीको जगदम्बा प्राथमिक विद्यालयका शिक्षक भिमा खत्रीले पढाइ-लेखाइका सन्दर्भसामग्री घरेलु बालश्रमिकसँग नहुनु, केहीले गृहकार्य नगरी आउने र समयमा विद्यालय आउन नपाउँदा कहिलेकाहीं पूरै समय कक्षामा बस्न नपाउने हुँदा विषयवस्तुलाई प्रस्ट पार्न समस्या हुने गरेको बताउनुभयो । त्यस्तै यस सम्बन्धमा डिल्लीराज माध्यमिक विद्यालयका शिक्षक भुमिदेव गणेशले

घरेलु बालमजदुरसँग पुस्तक, कापी र कलम नियमित हुँदैन । साथैं नियमित समयमा उपस्थित हुँदैनन् । त्यसैले गर्दा उनीहरूको शैक्षिक पहुँच वृद्धिका लागि पृष्ठपोषण, हौसला र छात्रवृत्ति प्रदान गर्ने गरिएको छ भनि बताउनु भयो ।

## ४.२.२ घरेलु बालश्रमिकको विद्यालयमा उपस्थिति

आफ्नो आर्थिक अवस्था कमजोरको कारण साहुको घरमा गएर परिश्रम गर्नु पर्ने बाध्यता भएका बालश्रमिकहरूले आफ्नो दैनिक कार्य सम्पन्न गरी विद्यालय जाने गरेको छ छैन भनि गरिएको प्रश्नमा निम्नानुसारको विवरण प्राप्त भएको छ :

तालिका ११ : घरेलु बालश्रमिकको विद्यालयमा उपस्थिति

| क्र.स. | विद्यालयमा उपस्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सधैं जान्छु | १५ | ६२.५ |
| २ | कहिले काँही | ३ | १२.५ |
| ३ | परीक्षाको बेला | ६ | २५ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तथ्याङ्कको अनुसार विद्यालय सधैँ जानेको सङ्ख्या १५ र कहिले काँहि जाने ३ जना पाइयो । त्यस्तै परीक्षाको बेलामा परीक्षा दिन मात्र जाने ६ जना बालश्रमिकहरू रहेको पाइयो । तालिकाबाट बालश्रमिक अध्ययन गर्नकै लागि अर्काको घरमा बाध्यतात्मक अवस्थामा काम गर्नुपरेको प्रस्ट हुन्छ ।

घरेलु बालश्रमिक समयमा विद्यालय आउँछन् ? र, उनीहरू विद्यालयमा पूरा समय बस्छन् कि बस्दैनन् ? भनी डिल्लीराज माध्यमिक विद्यालय झापा गाउँपालिकाको झापा बजारका शिक्षक देवेन्द्र राजवंशी र झापा गाउँपालिकाकै जगदम्ब प्रा.वि.का शिक्षक मोहन झालाई सोधिएको थियो । यस सम्बन्धमा शिक्षक देवेन्द्र राजवंशीले घरेलु बालश्रमिक समयमा विद्यालय नआउने गरे पनि विद्यालयमा आएपछि भने पूरा समय बस्ने गरेको बताउनुभयो । त्यस्तै शिक्षक मोहन झाले पनि कोही कोही बालबालिका समयमा आउने गरेको र विद्यालय समयभर बस्ने गरेको बताउनुभयो ।

## ४.२.३ घरेलु बालश्रमिकलाई सजिलो लाग्ने विषय

प्रकृतिको नियम नै हो कोही तृष्ण बुद्धिको हुन्छ त को मन्द बुद्धिको हुन्छ । यही कुरालाई मध्य नजर गरेर घरेलु बालश्रमिकलाई कुन विषय सजिलो लाग्छ भनेर तथ्याङ्क सङ्कलन गर्दा निम्नानुसारको विवरण प्राप्त भएको छ :

तालिका १२ : घरेलु बालश्रमिकलाई सजिलो लाग्ने विषय

| क.स. | सजिलो लाग्ने विषय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १७ | ७०.८२ |
| २ | गणित | ४ | १६.६७ |
| ३ | अङ्ग्रेजी | १ | ४.१७ |
| ४ | सामाजिक | १ | ४.१७ |
| ५ | स्वास्थ्य शिक्षा | १ | ४.१७ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार नेपाली विषय सजिलो लाग्नेको सङ्ख्या १७ रहेको छ । गणित सजिलो लाग्ने चार जना, अङ्ग्रेजी, सामाजिक र स्वास्थ्य शिक्षा सजिलो लाग्ने एक-एक जना रहेको पाइयो । यस आधारमा भन्दा थोरै विद्यार्थीको मात्र पढाइ चितबुभ्दो रहेको देखिएको छ । यसका लागि विद्यालयमा विषयगत शिक्षक-शिक्षिकाले विद्यार्थीको पढाइ स्तरीय बनाउनका लागि भूमिका निर्वाह गर्नुपर्छ ।

### ४.२.४ घरेलु बालश्रमिकलाई पढ्दा अप्ठेरो लाग्ने विषय

सबै विषयहरू समान भए पनि कुनै विषय विद्यार्थीलाई सजिलो महसुस हुन्छ त कुनै अप्ठ्यारो लाग्ने गरेको पाइन्छ । यस अध्ययनका बालश्रमिकहरूलाई कुन विषय अप्ठ्यारो लाग्ने गरेको छ भनि सोध्दा बालश्रमिक विद्यार्थीहरूले आफ्नो आफ्नो विचार प्रस्तुत गरेका छन् र उक्त झापा गाउँपालिकाको घरेलु बालश्रमिकमा गरिएको अनुसन्धानमा प्राप्तको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १३ : घरेलु बालश्रमिकलाई अप्ठेरो लाग्ने विषय

| क.स. | अप्ठेरो लाग्ने विषय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अङ्ग्रेजी | १० | ४१.६६ |
| २ | गणित | ७ | २९.१६ |
| ३ | विज्ञान | ५ | २०.८३ |
| ४ | नेपाली | २ | ८.३३ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तथ्याङ्क अनुसार अङ्ग्रेजीमा १०जना, गणितमा ७ जना, विज्ञानमा ५ जनालाई अप्ठेरो लाग्ने विद्यार्थी रहेको पाइयो भने २ जना नेपाली विषय अप्ठेरो लाग्ने गरेको पाइयो । यस आधारमा हेर्दा धेरैजस्तो विद्यार्थी अङ्ग्रेजी, विज्ञान र गणितमा कमजोर हुँदा पढाइ चित्तबुभ्दो नभएको देखिन्छ । अङ्ग्रेजी, विज्ञान र गणित विषयका शिक्षक-शिक्षिकाले विद्यार्थीलाई अव्वल बनाउन विशेष भूमिका निर्वाह गर्नुपर्छ ।

## ४.२.५ घरेलु बालश्रमिकको अतिरिक्त क्रियाकलापमा सहभागिता

विद्यार्थीहरूलाई किताबी ज्ञान दिएरमात्र उनीहरूको चौतर्फी विकास हुन सक्दैन । त्यसकारण विद्यार्थीहरूका अन्तर्निहित प्रतिभाको विकास गराउन, विद्यार्थीका सम्पूर्ण पक्षको विकास गराउन अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहन्छ । बालबालिकाहरूलाई पढाइ-लेखाइसम्बन्धी ज्ञानको साथै शारीरिक, मानसिक, संवेगात्मक पक्षको विकास गराउनुपर्छ । यसका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसकारण बालबालिकाहरूको सम्पूर्ण पक्षको विकास गराउन अतिरिक्त क्रियाकलापको ठूलो महत्व रहेको हुन्छ । झापा गाउँपालिका क्षेत्रभित्रका घरेलु बालश्रमिकको अतिरिक्त क्रियाकलापमा सहभागिता कस्तो रहेको छ भनी तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका १४ : घरेलु बालश्रमिकको अतिरिक्त क्रियाकलापमा सहभागिता

| क.स. | अतिरिक्त क्रियाकलापमा सहभागिता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रायः हुन्छु | १२ | ५० |
| २ | मन लाग्दैन | २ | ८.३३ |
| ३ | अवसर पाउँदिनँ | ७ | २९.१७ |
| ४ | प्रतियोगिता जित्छु जस्तो लाग्दैन | ३ | १२.५ |
|  | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

घरेलु बालश्रमिकमध्ये १२ जना अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेको पाइयो । जसमा कुल २४ जनामध्ये १२ जना प्रतियोगितामा सहभागी हुने गरेको भेटिएका छन् । यसलाई सन्तोषजनक नै मान्न सकिन्छ । घरेलु बालश्रमिकमध्ये दुई जनालाई मन नलाग्ने गरेको, ७ जना कहिले अवसर नपाउने गरेको र प्रतियोगिता जित्ने आत्मविश्वास नहुँदा भाग नलिएको पाइयो । जसले गर्दा घरेलु बालश्रमिकलाई आत्मविश्वासका लागि हौसला प्रदान गर्नुपर्ने देखिन्छ ।

उनीहरूलाई शिक्षक, प्रधानाध्यापक, घरबेटी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिले आत्मविश्वास बढाउने खालका कार्यक्रम बेलाबेलामा सञ्चालन गर्नुपर्छ ।

घरेलु बालश्रमिकको अतिरिक्त क्रियाकलापमा सहभागिता कस्तो छ भनी डिल्लीराज माध्यमिक विद्यालयका बालश्रमिक विद्यार्थी रोहन टुडु र जगदम्बा प्रा.वि.का बालश्रमिक विद्यार्थी उमेश राजवंशीलाई सोधिएकोमा दुवैले अवशर नपाउने, मन नलाग्ने र भाग लिई गए पनि जित्छु जस्तो नलाग्ने भएको बताउनुभयो ।

### ४.२.६ घरेलु बालश्रमिकको विद्यालयमा सहभागिता

विद्यालयमा बालश्रमिक विद्यार्थीहरू कतिको सक्रिय रहेको छन् । विद्यालयका क्रियाकलाप तथा विद्यालयको कार्यहरूमा कतिको सक्रिय रूपमा सहभागी जनाउने गर्दछन् भनी गरिएको यस अध्ययन अनुसन्धानमा प्राप्त भएको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १५ : घरेलु बालश्रमिकको विद्यालयमा सहभागिता

| क.स. | सहभागिता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाल क्लबमा छु | ७ | २९.१७ |
| २ | मोनिटर छु | ३ | १२.५ |
| ३ | अतिरिक्त क्रियाकलापमा छानिने गर्छु | १२ | ५० |
| ४ | केहीमा मौका पाउँदिनँ | २ | ८.३३ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिकाको अनुसार विद्यालयमा घरेलु बालश्रमिकको सहभागिता हेर्दा बाल क्लबमा सहभागी हुनेको सङ्ख्या ७ रहेको पाइयो । यस्तै, अतिरिक्त क्रियाकलापमा छानिनेको सङ्ख्या १२, केहीमा मौका नपाउने २ र मोनिटर भएका ३ जना रहेको पाइयो । विद्यालयमा घरेलु बालश्रमिकको सहभागिता सन्तोषजनक नै रहेपनि कतिपयलाई भने हौसला प्रदान गर्नुपर्ने देखिन्छ ।

### ४.२.७ घरेलु बालश्रमिकले छात्रवृत्ति पाए-नपाएको अवस्था

गरिब, दलित, सीमान्तकृत, पिछडिएका जातजातिका छोराछोरीलाई परिस्थिति जस्तोसुकै कठिन किन नहोस् तर हरेकलाई पढ्ने, खेल्ने, स्वास्थ्य, स्याहार र पोषण पाउने अधिकार प्रदान गरिनुपर्छ । यस्ता बालबालिकाका लागि पढ्ने अवसर प्रदान गर्न सरकारी नियमअनुसार छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । कतिपय अवस्थामा छात्रवृत्तिको रकम सही व्यक्तिले नपाएर दुरुपयोग पनि भइरहेका पाइन्छ । अध्ययन क्षेत्रमा काम गर्ने घरेलु बालश्रमिकमध्ये छात्रवृत्ति पाउने र नपाउनेको तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १६  : घरेलु बालश्रमिकले छात्रवृत्ति पाए-नपाएको अवस्था

| क.सं. | छात्रवृत्ति पाए-नपाएको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २१ | ८७.५ |
| २ | छैन | २ | ८.३३ |
| ३ | पाइन्छ भन्ने थाहा छैन | १ | ४.१७ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार छात्रवृत्ति पाउनेको सङ्ख्या २१ रहेको पाइयो । यो सङ्ख्या हेर्दा छात्रवृत्ति पाउनेको सङ्ख्या सन्तोषजनक नै रहेको मान्न सकिन्छ । तर अझै पनि ३ जनाले नपाउँदा सरकारी नियमकारी निकाय फितलो भएको देखियो । जसले गर्दा लक्षित व्यक्ति छनोट गरेर छात्रवृत्तिमा सुधार गरिनुपर्छ ।

तपाईको विद्यालयमा घरेलु बालश्रमिकका लागि विशेष सेवा-सुविधा वा कार्यक्रम के छ ? भनी झापा गाउँपालिकाको जगदम्बा प्रा.वि. का शिक्षक यसोदा भट्टराईलाई सोध्दा कुनै सुविधा नभएको बताउनुभयो भने यसै सम्बन्धमा झापा गाउँपालिकाका गाउँपालिका प्रमुख  जयनारायण साह भन्नुहुन्छ :

> अधिकांश घरेलु बालश्रमिकका लागि आवश्यक कार्यक्रम सञ्चालन गरी सेवा-सुविधा प्रदान गरिरहेका अवस्था छ । घरेलु बालमजदुरलाई विद्यालय पोशाक र स्टेशनरी

सामग्री प्रदान गर्ने गरिएको छ, कतिपयलाई भने कार्यक्रमसम्म ल्याउन समेत मुस्किल परिरहेका छ ।

### ४.२.८ घरेलु बालश्रमिकको उर्त्तीण अवस्था

विद्यार्थी मूल्याङ्कनको लागि विद्यालयबाट लिईने परीक्षामा उर्तीण र अनुर्तीणको अवस्था पत्ता लगाउनुपर्छ । त्यसैले यस अध्ययनमा पनि घरेलु बालश्रमिकको शैक्षिक पहुँच पत्ता लगाउन यो अध्ययन अनुसन्धान गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १७ : घरेलु बालश्रमिकको उर्त्तीण अवस्था

| क.स. | उर्त्तीण विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमति उर्त्तीण हुने | १७ | ७०.८३ |
| २ | प्रथम पटक अनुर्त्तीण हुने | ५ | २०.८३ |
| ३ | दोस्रो पटक अनुर्त्तीण हुने | २ | ८.३४ |
| | जम्मा | २४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको अनुसार नियमति उर्त्तीण हुने विद्यार्थीको संख्या १७, प्रथमपटक अनुर्त्तीण हुनेको ५ र दोस्रो पटक अनुर्त्तीण हुनेको संख्या २ रहेको पाइयो । अतः उर्त्तीण हुनेको संख्या हेर्दा घरेलु बालश्रमिक पढाई सन्तोष नै रहेको प्रस्ट हुन्छ ।

### ४.२.९ घरेलु बालश्रमिकले काम गर्दाको अनुभव

यस अध्ययनमा घरेलु बालश्रमिकहरूले काम गर्दा कस्तो महसुस गर्नुहुन्छ?, कस्तो प्रकारको काम गर्नु हुन्छ ? अथवा घरेलु बालश्रमिकलाई काम गर्दा अरूबाट कस्तो व्यवहार भएको छ र बालश्रमिकहरूले कस्तो अनुभव गरिएको छन् भनी अध्ययन गरिएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १८ : घरेलु बालश्रमिकले काम गर्दाको अनुभव

| क.स. | काम गर्दाको अनुभव | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कडा परिश्रम | २६ | ३२.५ |
| २ | मानसिक तनाव | २० | २५ |
| ३ | पठनपाठनमा कठिनाइ | २४ | ३० |
| ४ | घरबेटीबाट दुर्व्यवहार | १० | १२.५ |
| | जम्मा | ८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाअनुसार काम गर्दा घरेलु बालश्रमिकले गरेको अनुभवमा कडा परिश्रम गर्नु परेको अनुभव गर्ने २६, मानसिक तनाव खेप्नुपर्ने २०, पठनपाठनमा कठिनाइ हुने २४ जना र घरबेटीबाट दुर्व्यवहार खेप्नुपरेको १० जनाले अनुभव गरेका छन् । यो आधारमा हेर्दा घरेलु बालश्रमिकको अवस्था दयनीय रहेको प्रष्ट हुन्छ ।

## ४.२.१० काम गरेबापत पारिश्रमिक पाउने/नपाउने बालबालिका

घरेलु काममा संलग्न सबै घरेलु बालश्रमिकहरूले काम गरे बापतको पारिश्रमिक पाउँछन् नै भन्ने छैन । कोही पढ्ने शर्तमा, कोही लाउने-खाने शर्तमा र कोही खाने, लाउने तथा पढ्ने शर्तमा बसेका हुन्छन् । पारिश्रमिक पाउने र नपाउने बालश्रमिकको विवरण यसरी तालिकामा देखाइएको छ ।

तालिका १९ : काम गरेबापत पारिश्रमिक पाउने/नपाउने बालबालिका

| क. सं. | पारिश्रमिक पाउने-नपाउने | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पाउने | २० | २५ |
| २ | नपाउने | ५१ | ६३.७५ |
| ३ | पारिश्रमिकको कुरै भएको छैन | ९ | ११.२५ |
| | जम्मा | ८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार पारिश्रमिक पाउनेको सङ्ख्या २० जना, नपाउने ५१ र कुरै नभएका ९ जना रहेको पाइयो । यस आधारमा हेर्दा केही बालश्रमिकबाहेक अधिकांश बिना पारिश्रमिक काम गर्ने गरेका छन् । घरेलु बालश्रमिकलाई चर्को काममा लगाएर पारिश्रमिक नदिनु श्रम शोषण हो । यसमा बालश्रम निषेध र नियमन गर्न बनेका ऐन नियम, कार्यविधि र निर्देशिकाको पालनामा सरकारी नियमकारी निकायले ध्यान दिनुपर्छ ।

काम लगाएबापत मासिक पारिश्रमिकको सर्त के छ ? भनेर घरेलु बालश्रमिक राख्ने झापा गाउँपालिकाका गोपाल खत्री र मानबहादुर कटुवाललाई सोधेकोमा दुवैले नदिने सर्त रहेको बताउनुभयो भने गोपाल खत्रीले पढाइ दिने सर्त भएको र मानबहादुर कटुवालले बसुनजेल खान, बस्न, लगाउन र पछि विदेश पठाउन लाग्ने रकम दिने सर्त भएको बताउनुभयो ।

## ४.३ घरेलु बालश्रमिकले भोग्नु परेको समस्याहरू

अन्तरवार्ता प्रश्नावली वाहेक विद्यलयका अन्य शिक्षक, अभिभावक, व्यावस्थापन समितिका सदस्य तथा विद्यालय निरीक्षककहरूसंग भएका अनौपचारीक भेटघाट र सामुहिक छलफलका क्रममा उनीहरूले व्याक्त गरेका प्रतिक्रियाका आधारमा घरेलु बालश्रमिकहरूमा शैक्षिक अवरोधका अन्य कारणहरूमा घरेलु बालश्रमिकहरूको यकिन तथ्याङक र सुचनाको अभाव हुनुः बालबलिकाहरूलाई उनीहरूका आमा बाबुहरूले आफ्नो आम्दानीको स्रोत बढाउने माध्यमको रुपमा अरुको घरमा बस्न पठाउनु, उनीहरूले स्वतन्त्र रुपले हिड्डुल गर्न नपाउनु, घर मालीकबाट कुटपिट, गाली हिसां र दुरव्यावहारको सिकार बन्नु, विमारी हुदा उपयुक्त स्वास्थ्य उपचार नपाउनु, न्युन गुणस्तरको खाना खुवाउनु, खेलकुद मनोरन्जनबाट बन्चीत हुनु, तथा उनीहरूको अवस्था सुधार गर्न, अनुगमन निरीक्षक तथा नियन्त्रण गर्ने निकायको अभाव हुनुलाई पनी शैक्षिक अवरोधका कारणहरू भएको प्रतिक्रियाहरू प्राप्त भएका छन् यर्सथ घरेलु बालश्रमिकहरूमा शैक्षिक अवरोधका कारणहरू मध्ये कुनै एक वा दुईलाई मात्र महत्व नदिएर समग्रमा सबै कारणहरूलाई महत्वका साथ हेरी अध्यान गरिएको छ र जीवन एउटा सघर्ष हो हरेक क्षेत्रमा केही न केही सघर्ष गरिरहनु पर्ने हुन्छ । परिणाम स्वरूप सम्बन्धित क्षेत्र झापा गाउँपालिका सुकुम्बासी बस्तिमा रहेका घरेलु बालश्रमिकहरूले भोग्नु परेको समस्याहरूलाई यस अध्ययनमा समावेश गरिएको छ । जसलाई निम्नानुसारका शीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ :

### ४.३.१ घरबेटीले बाधा सिर्जना गर्ने तरिकाहरू

घरेलु बालश्रमिकहरूले काम गरे बापतको कोहीले पारिश्रमिक पाउँछन् त कोही पढ्ने शर्तमा, कोही लाउने-खाने शर्तमा र कोही खाने, लाउने तथा पढ्ने शर्तमा बसेका हुन्छन् । यस्ता बालश्रमिकहरूलाई घरबेटीहरूले विभिन्न कारण देखाई अध्ययनमा बाधा सिर्जना गर्ने दुर्व्यहार गर्ने, बढी काम देखाई काममा व्यस्त बनाउने र सर्त पुरा नगर्ने गरेको पाइयो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २० : घरबेटीले बाधा सिर्जना गर्ने तरिकाहरू

| क.स. | बाधा सिर्जना गर्ने उपाय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कुटपिट गरेर | २ | ८.३३ |
| २. | शैक्षिक सामग्री नकिनिदिएर | ५ | २०.८४ |
| ३ | काममा व्यस्त बनाएर | १७ | ७०.८३ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाको अनुसार घरबेटीले बढी मात्रामा घरेलु बालश्रमिकलाई बाधा सिर्जना गर्ने क्रममा काममा व्यस्त बनाएर १७ जनालाई, कुटपिट गरेर बाधा सिर्जना गर्ने २ जना र शैक्षिक सामग्री नकिनी दिएर ५ जनालाई अवरोध सिर्जना गरेको पाइयो । यसले के पुष्टि गर्छ भने घरबेटीले बालश्रमिकलाई पढाउन जति प्रयास गरेको पाइन्छ, त्यत्तिकै बाधा पनि सिर्जना गर्ने गरेको पाइन्छ । घरबेटीको गलत व्यवहारले गर्दा बालबालिकाहरूको मनोविज्ञान र विकासमा ज्यादै नकारात्मक प्रभाव पनि परिरहेका हुन्छ ।

### ४.३.२ घरेलु बालश्रमिकले पाउने पारिश्रमिक लिने व्यक्ति

त्यसैगरी घरेलु बालबालिकाहरू काम गरीरहेका घरका घरबेटीहरू शिक्षीत छन् भने केहि हदसम्म बालबालिकाहरूले शैक्षिक सुविधा पाएका पनि छन् तर  घरबेटि अशिक्षीत भएका घरमा काम गर्ने बालबालिकाहरूले पढ्न पाउने सुविधा पाएको छन् छैनन् र उनीहरूले पाउने पारिश्रमिक

कसले लिदैं आएको छ भनि यो अनुसन्धान गरिएको छ। जसबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २१ : घरेलु बालश्रमिकले पाउने पारिश्रमिक लिने व्यक्ति

| क. स. | पारिश्रमिक लिने व्यक्ति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु बालश्रमिक आफैँ | २ | १२.५ |
| २ | आमाबाबु | १६ | ७५ |
| ३ | आफन्त | २ | १२.५ |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार पारिश्रमिक पाउने वा आफैले आफ्नो पारिश्रमिक लिने बालश्रमिकमा २ जना रहेको पाइयो।१५ जना बालश्रमिकका बाबुआमाले छोराछोरी गरेको कामको पारिश्रमिक लिने गरेको पाइयो र २ जना बालश्रमिकका आफ्नो आमाबुबा नभएर, आफ्न्तले काममा लगेर लगाई दिएको र उनीहरूले नै पारिश्रमिक बुझ्ने गरेको पाइयो। पारिश्रमिकका लागि बालबालिकालाई श्रममा लगाउन नहुने भएकाले गर्दा सरकारी नियमनकारी निकायले कडाइ गर्नुपर्ने देखिन्छ।

## ४.३.३ घरेलु बालश्रमिकलाई गरिने व्यवहार

अध्ययन क्षेत्रमा घरेलु बालश्रमिकलाई कस्तो व्यवहार गरिन्छ भनि खोज तथा अनुसन्धान गरिएको छ। यस्तो कलिलो उमेरका बालबालिकाहरूलाई बढी मात्रामा घरबेटीले छानेर काम गर्न लगाउने गरेका छन्, किनकि कलिलो उमेरका बालबालिका आज्ञाकारी हुने भएकाले गर्दा घरवेटीले चर्को काम लगाउने गरेको प्रष्ट हुन्छ। यसरी काम लगाए पनि घरेलु बालश्रमिकलाई वर्तमान अवस्थामा कस्तो व्यवहार गर्दछन् भनि गरिएको अध्ययन अनुसन्धानमा निम्नानुसारको तथ्याङ्क प्राप्त भएको छ :

तालिका २२ : घरेलु बालश्रमिकलाई गरिने व्यवहार

| क.सं. | बालश्रमिकले भोग्नु परेको विशेष समस्या | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हेपाइ तथा दुर्व्यवहार | ६९ | ८६.२५ |
| २ | यौन दुर्व्यवहार | - | |
| ३ | अवसरबाट वञ्चित | १ | १.२५ |
| ४ | पारिश्रमिकबाट वञ्चित | १० | १२.५ |
| | जम्मा | ८० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार धनी र गरिबबीच ठूलो खाडल भएकै कारण घरेलु बालश्रमिकमाथि हेप्ने तथा दुर्व्यवहार गर्ने ८६.२५ प्रतिशत, यौन दुर्व्यवहार नभएको पाइयो, अवसरबाट वञ्चित गरिने १.२५ प्रतिशत र पारिश्रमिक नदिनेलगायतका आफन्तले पारिश्रमिक लिने गरेको १२.५ प्रतिशत रहेको छ ।

## ४.४ घरेलु बालश्रमिकका समस्या समाधान गर्ने उपायहरू

शिक्षा जन्मसिद्ध अधिकार र विकासको मेरुदण्ड भए पनि घरेलु बालश्रमिकहरूको शैक्षिक पहुँचबिना समाज र राष्ट्रको प्रगती र अग्रगमन सम्भव छैन । बालबालिकाहरूले अध्ययन गर्ने, खेल्ने र खाने उमेरमा परिश्रम गर्न बाध्यम भएका छन् । बालश्रमिकहरुको आर्थिक अवस्था कमजोर भएकाले सानै उमेरदेखि कुनै न कुनै कार्यमा संलग्न हुनु पर्ने कारणले गर्दा उनीहरु विद्यालय जानबाट बञ्चित भएका छन् याहाँका बालबालिकाहरु घरमा काम गर्ने, अर्काका घरमा गोठालो बस्ने, दैनिक ज्याला मजदुरी गरेर हिड्नु पर्ने समस्या रहेता पनि यस्ता बालश्रमिकहरूले भोग्नु परेको समस्याहरूको समाधान के के छन् भनि गरिएको यो शोधअनुसन्धानमा प्राप्त तथ्याङ्कलाई निम्नानुसार उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

### ४.४.१ घरेलु वालश्रमिकको धारणा अनुसार समाधानको उपायहरू

यो अध्ययन झापा जिल्लाको झापा गाउँपालिका वडा नं. ४ मा गरिएको घरेलु बालश्रमिकको समस्या समाधानका लागि घरेलु बालश्रमिकहरूलाई प्रतिभा प्रस्फुटनका अवसरहरु प्रदान गरिनुपर्छ, हाँस्न दिनुपर्छ, नाच्न दिनुपर्छ, खेल्न दिनुपर्छ, खान दिनुपर्छ, पढ्न पठाउनुपर्छ जसले गर्दा घरेलु बालश्रमिको शैक्षिक पहुँचमा वृद्धि हुने देखिन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका घरेलुबालश्रमिकलाई प्रत्यक्ष भेट गरी तथ्याङ्क संङ्कलन गर्दा प्राप्त भएको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २३ : समस्या समाधानमा स्वम् वालश्रमिकको धारणा

| क.स. | समस्या समाधान गर्ने उपाय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पढने वातावरण सृजना गर्नुपर्छ | २४ | ३० |
| २. | आर्थिक सहयोग गर्नुपर्छ | २८ | ३५ |
| ३. | दुर्व्यवहार  तथा कुटपिट गर्नुहुदैन् | २८ | ३५ |
| | जम्मा | ८० | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार  घरेलु बालश्रमिकको समस्या समाधानका लागि  २४ जनाले पढने वातावरण सृजना गर्नुपर्ने, २८ जनाले आर्थिक सहयोग गर्नुपर्ने, २८ जनाले दुर्व्यहार तथा कुटपिट गर्न नहुने भन्ने जवाफ पाइयो ।

### ४.४.२ घरेलु बालश्रमिको समस्या समाधानका लागि प्रधानाध्यापकको धारणा

वालवालिका राष्ट्रका भविष्य हुन् अतः उनीहरुको विकास र संरक्षणमा कानुनी रुपले मात्र होइन व्यवहारिक रुपले नै प्रवन्ध मिलाइदिनु पर्दछ । यस घटना अध्ययनमा संलग्न घरेलु बालश्रमिकको शैक्षिक अवस्थाको अध्ययनबाट प्राप्त जानकारीले वालश्रममा चासो राख्ने कार्यक्रम निमार्ण गर्ने, नीति तर्जुमा गर्ने, योजना बनाउने, अध्ययन अनुसन्धान गर्ने जो कोही व्यक्ति, संस्था, निकायलाई सचेत गरिनु पर्दछ र स्थानीय स्तरमा कियाशील विभिन्न क्लब, समुदाय, निकायलाई समेत व्यवहारिक रुपमा सचेत बनाइनु पर्दछ । यस सम्बन्धमा घरेलु बालश्रमिकको समस्या समाधान गर्ने उपायहरूमा प्र.अ.हरूको धारणाा निम्नानुसार प्राप्त भएको छ :

तालिका २४ : घरेलु बालश्रमिको समस्या समाधानका लागि प्रधानाध्यापको धारणााको विवरण

| क.स. | विद्यालय र प्रधानाध्यापको नाम | समस्या समाधानका लागि धारणा |
|---|---|---|
| १. | जगदम्बा प्रा.वि.<br>प्र.अ. : राजेश थापा | (क) सामाजिक संस्थाले जनचेतना जगाउँने काम गर्नु पर्छ<br>(ख) सामाजिक संस्थाकै पहलमा घरबेटीसँग अन्तरक्रिया गर्नुपर्छ ।<br>(ग) सरकारले बालश्रमिक पढने विद्यालयमा उनीहरुका लागि छात्रवृति र छात्रावासको व्यवस्था गरी सबैलाई बस्ने व्यवस्था मिलाउनुपर्छ ।<br>(घ) घरेलु बालश्रमिकका अभिभावकका लागि आर्थिक सपोटका कार्यक्रम ल्याइनुपर्छ । |
| २. | जनता माध्यमिक विद्यालय<br>प्र.अ. : लेखनाथ न्यौपाने | (क) घरेलु बालश्रमिकलाई घरबेटीले अध्ययन अध्यापनको समय मिलाइ दिनुपर्छ ।<br>(ख) घरबेटीले उनीहरुलाई खेल्ने अवसर दिनुपर्छ ।<br>(ग) विद्यालयले घरेलु बालश्रमिकको पहिचान गरी पढाईका लागि प्रोत्साहन गर्नुपर्छ ।<br>(घ) सामाजिक संस्थाले बालअधिकारबारे सचेतना फैलाउनुपर्ने । |
| ३. | डिल्लिराज माध्यमिक विद्यालय<br>प्र.अ : भगदेव राजवंशी | (क) नियमनकारी निकायसँगै सामाजिक संस्थाले बालश्रमिकलाई शोषण, भेदभाव र उपेक्षाको अन्त्यका लागि सचेतना अभियान सञ्चालन गर्नुपर्छ ।<br>(ख) अभिभावकले छोराछोरीबीचमा भेदभाव गर्नुभएन् ।<br>(ग) स्वयम घरेलु बालश्रमिक अन्याय-अत्याचारबिरुद्ध संगठीत हुनुपर्छ ।<br>(घ) बाल हननको सूचना सार्वजनिक गरी नियमकारी निकायलाई कारबाहीका लागि दबाब दिनुपर्छ । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार सामाजिक संस्थाले जनचेतना जगाउँने काम गर्नु पर्ने, सामाजिक संस्थाकै पहलमा घरबेटीसँग अन्तरक्रिया गर्नुर्ने, सरकारले बालश्रमिक पढने विद्यालयमा उनीहरुका लागि छात्रवृति र छात्रावासको व्यवस्था गरिनुपर्ने तथा घरेलु बालश्रमिकका अभिभावकका लागि

आर्थिक सपोटका कार्यक्रम ल्याइनुपर्ने सुझाव दिइएको छ । यस्तै, घरेलु बालश्रमिकलाई घरबेटीले अध्ययन अध्यापनको समय मिलाइ दिनुपर्ने, घरबेटीले उनीहरुलाई खेल्ने अवसर दिनुपर्ने, विद्यालयले घरेलु बालश्रमिकको पहिचान गरी पढाईका लागि प्रोत्साहन र सामाजिक संस्थाले बालअधिकारबारे सचेतना फैलाउनुपर्ने सुझाव दिइएको छ । यस्तै, नियमनकारी निकायसँगै सामाजिक संस्थाले बालश्रमिकलाई शोषण, भेदभाव र उपेक्षाको अन्त्यका लागि सचेतना अभियान सञ्चालन गर्नुपर्ने, अभिभावकले छोराछोरीबीचमा भेदभाव गर्न नहुने, स्वयम घरेलु बालश्रमिक अन्याय-अत्याचारबिरुद्ध संगठीत हुनुपर्ने र बाल हननको सूचना सार्वजनिक गरी नियमकारी निकायलाई कारबाहीका लागि दबाब दिनुपर्ने सुझाव दिइएको छ ।

### ४.४.३ घरेलु बालश्रमिको समस्या समाधानका लागि शिक्षकको धारणाा

यो अध्ययन झापा जिल्लाको झापा गाउँपालिका वडा नं. ४ मो घरेलु बालश्रमिकको शैक्षिक पहुँचको अवस्था पत्ता लगाउन गरिएको छ । उक्त स्थानमा भएका घरेलु बालश्रमिकले भोग्नु परेको समस्या समाधान गर्नको लागि के गर्नु पर्दछ भनि गरिएको अनुन्धानमा शिक्षकको धारणाा निम्नानुसार प्राप्त भएको छ :

तालिका २५ : समस्या समाधानमा शिक्षकको धारणा

| क.स. | समस्या समाधानका उपाय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरेलु बालश्रमिकका लागि राष्ट्रले लगानी लगाउनुपर्छ | ५ | ४५.४६ |
| २. | बालश्रमिकलाई घरबेटीले अभद्र व्यवहार गर्नुभएन | २ | १८.१८ |
| ३. | नियमकारी निकायले ऐन-कानुनको प्रभावकारी कार्यान्वन गर्नुपर्छ | २ | १८.१८ |
| ४. | सामाजिक संस्थाले बालअधिकारसम्बन्धी चेतना जगाउनुपर्छ | २ | १८.१८ |
| | जम्मा | ११ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको घरेलु बालश्रमिकका लागि राष्ट्रले लगानी लगाउनुपर्नेमा ५, घरबेटीले अभद्र व्यवहार गर्न नहुनेमा २, नियमनकारी निकायले ऐन-कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने २ र सामाजिक संस्थाले बालअधिकारसम्बन्धी चेतना जोगाउनुपर्नेमा २ जनाले सुझाव पेश गरेको पाइयो । अतः यस आधारमा भन्दा भविष्यका कर्णधार घरेलु बालश्रमिकका लागि राष्ट्रले संवेदनशील भएर लाग्नुपर्छ ।

### ४.४.४ घरेलु बालश्रमिकको समस्या समाधानका लागि घरबेटीको धारणाा

यो अध्ययन घरेलु बालश्रमिकको शैक्षिक पहुँचको अवस्था पत्ता लगाउन गरिएको छ । घरेलु बालश्रमिकलाई जस्तो जुकै व्यवहार गरिएता उक्त स्थानमा भएका घरेलु बालश्रमिकले भोग्नु परेको समस्या समाधान गर्नको लागि के गर्नु पर्दछ भनि गरिएको अनुन्धानमा घरबेटीको धारणाा निम्नानुसार प्राप्त भएको छ :

तालिका २६ : घरेलु बालश्रमिको समस्या समाधानका लागि घरबेटीको धारणाा

| क.स. | घरबेटीको नाम | धारणा |
|---|---|---|
| १. | गोपाल खत्री | घरबेटीले आफ्नै छोराछोरी सरह व्यवहार गर्नुपर्छ । |
| २. | मान बहादुर कटुबाल | पढने वातावरण सृजना गरी दिनुपर्छ । |
| ३. | राजेश थापा | पढने वातावरण मिलाई दिनुर्छ । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

यस तथ्याङ्कलाई हेर्दा घरबेटीले आफनै छोराछोरी सरह व्यवहार गर्नुपर्ने र पढने वातावरण सृजना गर्नुपर्ने सुझाव राखेको पाइयो । यस आधारमा भन्दा घरेलु बालश्रमिकलाई घरबेटीले चाहेमा उनीहरुको भविष्य उज्जवल पार्न भूमिका निर्वाह गर्ने निश्चित छ । जसले गर्दा घरेलु बालश्रमिकको शैक्षिक पहुँचमा वृद्धि हुने बताएका छन् ।

### ४.५.५ घरेलु बालश्रमिकको समास्या समाधानको लागि सामाजिक संस्थाका प्रतिनिधीको धारणा

यस अध्ययन अनुसन्धानको क्रममा घरेलु बालश्रमिकले भोग्नु परेको समस्या समाधान गर्न के गर्नु पर्दछ ? भन्ने प्रश्नमा सामाजिक संस्थाका प्रतिनिधबाट प्राप्त भएको जानकारीलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २७ : घरेलु बालश्रमिकको समस्या समाधानको लागि सामाजिक संस्थाका प्रतिनिधीको धारणा

| क्रं. स. | सामाजिक संघसंस्थाका प्रतिनिधी | धारणा |
|---|---|---|
| १. | कनकाई बहु उद्देश्य सामुदायिक संस्था<br>प्रतिनिधि : केशव कटुबाल | (क) शिक्षा र सीपमूलक तालिमको व्यवस्था गरिनुपर्छ<br>(ख) घरपरिवार, घरबेटी, व्यवस्थापन समिति, शिक्षक र प्रध्यानाध्यापकबीच बालश्रमिकको समस्याका लागि छलफल गरिनुपर्छ । |
| २. | महिला विकास सहकारी संस्था<br>प्रतिनिध : गीता भारती | क) घरेलु बालश्रमिकलाई शिक्षकले बालमैत्री शिक्षण गर्नुपर्छ ।<br>ख) घरेलु बालश्रमिकको आत्माविश्वासका लागि नियमनकारी निकायसँगै अन्य पक्षबाट हौसला प्रदान गर्नुपर्छ । |

माथिको तालिको अनुसार शिक्षा र सीपमूलक तालिमको व्यवस्था गरिनुपर्ने, घरपरिवार, घरबेटी, व्यवस्थापन समिति, शिक्षक र प्रध्यानाध्यापकबीच बालश्रमिकको समस्याका लागि छलफल गरिनुपर्ने सुझाव राखेको पाइयो । यस्तै, घरेलु बालश्रमिकलाई शिक्षकले बालमैत्री शिक्षण गर्नुपर्ने  र

घरेलु बालश्रमिकको आत्माविश्वासका लागि नियमनकारी निकायसँगै अन्य पक्षबाट हौसला प्रदान गर्नुपर्ने सुझाव राखिएको छ ।

## ४.६ प्राप्ति

'घरेलु बालश्रमिकको शैक्षिक पहुँच' बारे गरिएको अध्ययनमा १० देखि १४ वर्ष उमेर समूहका बढी घरेलु श्रममा छन् । यस अध्ययन अनुसन्धानको मुख्य प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. अध्ययन क्षेत्रमा २४ जना बालबालिका घरेलु बालश्रमिक भएर पनि आफ्नो उज्ज्वल भविष्यको आसमा विद्यालयमा अध्ययन गरिरहेको पाइयो । जसमा साक्षर हुँदै गरेका २९ प्रतिशत र निरक्षर ७१ प्रतिशत भेटिए ।

२. अध्ययन क्षेत्रमा तहगत रूपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा प्राथमिक तहमा २० जना, निम्नमाध्यमिक तहमा ३ जना र माध्यमिक तहमा तीन जना अध्ययन गर्ने गरेको पाइयो ।

३. कक्षागत रूपमा घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा कक्षा १ मा १३ जना, कक्षा २ मा ३ जना, कक्षा ३ मा १ जना, कक्षा ४ मा १ जना, कक्षा ५ मा २ जना, कक्षा ६ मा ३ जना र कक्षा ९ मा १ जना घरेलु बालश्रममा संलग्न बालबालिका रहेको पाइयो ।

४. विद्यालय जाने विषयमा घरबेटीले अवरोध गर्नेको सङ्ख्या ४ र चासो नै नराख्ने ५ जना रहेको पाइयो । यस्तै बाधा अवरोध नगर्ने ३ जना र विशेष चासो राख्ने १२ जना रहेको पाइयो भने विद्यालय सधैं जानेको सङ्ख्या १५ र कहिले काँहि जाने ३ जना पाइयो ।

५. बालश्रमिकलाई सहपाठीले गर्ने व्यवहारमा सहयोग गर्नेमा सबैभन्दा बढी २० जना रहेको पाइयो ।

६. अध्ययन क्षेत्रमा १५ जना घरेलु बालश्रमिक विद्यार्थीलाई शिक्षक-शिक्षिकाले अन्य विद्यार्थीहरू सरह नै व्यवहार गर्ने गरेको र ९ जनालाई भने विशेष प्रोत्साहन गर्ने गरेको पाइयो ।

७. विद्यालयमा अध्ययन गर्ने ३ जना बाहेक २१ जना पूरै समय विद्यालयमा बसेर अध्ययन गर्ने गरेको पाइयो ।

८. सबैभन्दा बढी २१ जना घरेलु बालश्रमिक एक देखि दुई घण्टा पढ्ने गरेको पाइयो भने र १ जना बालश्रमिक चार देखि पाँच घण्टा पढ्ने गरेको पाइयो साथै पढ्ने समय नै नपाउने २ जना बालश्रमिक रहेको देखियो ।

९. घरेलु बालश्रमिक २१ जनाले नियमित होमवर्क गर्ने गरेको पाइयो । यो सकारात्मक पक्ष हो । समयमा किताब, कापी, कलमसँगै शब्दकोश, व्याकरण, ज्यामिति बक्स र विद्यालयको प्रोजेक्ट वर्क गर्ने खर्च नपाउने १४ जना बालबालिका भएको पाइयो । यस्तै, समयमा किताब, कापी र कलम नपाउने चार जना, शब्दकोश, व्याकरण र ज्यामिति बक्स नहुने मात्र दुई र विद्यालयमा प्रोजेक्ट वर्क हुँदा खर्च नहुने चार जना रहेको पाइयो ।

१०. त्यस्तै परीक्षाको बेलामा परीक्षा दिन मात्र जाने ६ जना बालश्रमिकहरू रहेको पाइयो । नेपाली विषय सजिलो लाग्नेको सङ्ख्या १७ रहेको छ । गणित सजिलो लाग्ने चार जना, अङ्ग्रेजी, सामाजिक र स्वास्थ्य शिक्षा सजिलो लाग्ने एक-एक जना रहेको पाइयो ।

११. अङ्ग्रेजीमा १०जना, गणितमा ७ जना, विज्ञानमा ५ जनालाई अप्ठेरो लाग्ने विद्यार्थी रहेको पाइयो भने २ जना नेपाली विषय अप्ठेरो लाग्ने गरेको पाइयो । यस आधारमा हेर्दा धेरैजस्तो विद्यार्थी अङ्ग्रेजी, विज्ञान र गणितमा कमजोर हुँदा पढाइ चित्तबुझ्दो नभएको देखिन्छ ।

१२. घरेलु बालश्रमिकमध्ये १२ जना अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेको पाइयो । जसमा कुल २४ जनामध्ये १२ जना प्रतियोगितामा सहभागी हुने गरेको भेटिएका छन् ।

१३. घरेलु बालश्रमिकको सहभागिता हेर्दा बाल क्लबमा सहभागी हुनेको सङ्ख्या ७ रहेको पाइयो । यस्तै, अतिरिक्त क्रियाकलापमा छानिनेको सङ्ख्या १२, केहीमा मौका नपाउने २ र मोनिटर भएका ३ जना रहेको पाइयो ।

१४. छात्रवृत्ति पाउनेको सङ्ख्या २१ रहेको पाइयो । यो सङ्ख्या हेर्दा छात्रवृत्ति पाउनेको सङ्ख्या सन्तोषजनक नै रहेको मान्न सकिन्छ ।

१५. नियमति उर्त्तीण हुने विद्यार्थीको संख्या १७, प्रथमपटक अनुर्त्तीण हुनेको ५ र दोस्रो पटक अनुर्त्तीण हुनेको संख्या २ रहेको पाइयो ।

१६. काम गर्दा घरेलु बालश्रमिकले गरेको अनुभवमा कडा परिश्रम गर्नु परेको अनुभव गर्ने २६, मानसिक तनाव खेप्नुपर्ने २०, पठनपाठनमा कठिनाइ हुने २४ जना र घरबेटीबाट दुर्व्यवहार खेप्नुपरेको १० जनाले अनुभव गरेका छन् ।

१७. पारिश्रमिक पाउनेको सङ्ख्या २० जना, नपाउने ५१ र कुरै नभएका ९ जना रहेको पाइयो । घरबेटीले बढी मात्रामा घरेलु बालश्रमिकलाई बाधा सिर्जना गर्ने क्रममा काममा व्यस्त बनाएर १७ जनालाई, कुटपिट गरेर बाधा सिर्जना गर्ने २ जना र शैक्षिक सामग्री नकिनी दिएर ५ जनालाई अवरोध सिर्जना गरेको पाइयो ।

१८. पारिश्रमिक पाउने वा आफैले आफ्नो पारिश्रमिक लिने बालश्रमिकमा २ जना रहेको पाइयो । १५ जना बालश्रमिकका बाबुआमाले छोराछोरी गरेको कामको पारिश्रमिक लिने गरेको पाइयो र २ जना बालश्रमिकका आफ्नो आमाबुबा नभएर, आफ्न्तले काममा लगेर लगाई दिएको र उनीहरूले नै पारिश्रमिक बुझ्ने गरेको पाइयो ।

१९. धनी र गरिबबीच ठूलो खाडल भएकै कारण घरेलु बालश्रमिकमाथि हेप्ने तथा दुर्व्यवहार गर्ने ८६.२५ प्रतिशत, यौन दुर्व्यवहार नभएको पाइयो, अवसरबाट वञ्चित गरिने १.२५ प्रतिशत र पारिश्रमिक नदिनेलगायतका आफन्तले पारिश्रमिक लिने गरेको १२.५ प्रतिशत रहेको छ ।

२०. घरेलु बालश्रमिकको समस्या समाधानका लागि  २४ जनाले पढने वातावरण सृजना गर्नुपर्ने, २८ जनाले आर्थिक सहयोग गर्नुपर्ने, २८ जनाले दुर्व्यहार तथा कुटपिट गर्न नहुने भन्ने जवाफ पाइयो ।

२१. समस्या समाधानका लागि बालश्रमिक अध्ययन गर्ने विद्यालयका प्रधानाध्यापकले सामाजिक संस्थाले जनचेतना जगाउँने काम गर्नु पर्ने, घरबेटीसँग अन्तरक्रिया गर्नुपर्ने, बालश्रमिकका लागि छात्रवृति र छात्रावासको व्यवस्था गरिनुपर्ने सुझाव पेश गरेका छन् । शिक्षकहरुले भने घरेलु बालश्रमिकलाई घरबेटीले अध्ययन अध्यापनको समय मिलाइ दिनुपर्ने, घरबेटीले उनीहरुलाई खेल्ने अवसर दिनुपर्ने, विद्यालयले घरेलु बालश्रमिकको पहिचान गरी पढाईका लागि प्रोत्साहन र सामाजिक संस्थाले बालअधिकारबारे सचेतना फैलाउनुपर्ने सुझाव दिएका छन् । बालश्रमिकलाई काम लगाउने घरबेटीले पढने वातावरण सृजना गर्ने र सामाजिक संस्थाले शिक्षासँगै सीपमूलक तालिमकमा लागि राष्ट्रले लगानी लगाउनुपर्ने सुझाव पेश गरेका छन् ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

मानव वृद्धि र विकासको आधारमा शारिरिक, मानसिक, सामाजिक एवम् संवेगात्मक रुपमा परिपक्व भइनसकेको व्यत्तिलाई वालवालीका भनिन्छ । सामान्यतया वाल्यवस्थालाई दुई भागमा विभाजन गरेर हेर्ने गरिन्छ । २-६ वर्ष सम्मलाई पूर्ववाल्यवस्था र ७-१२/१३ वर्ष सम्मलाई उत्तरवाल्यवस्था भनि मनोवैज्ञानिकहरूले छुट्याएका छन् । नेपालको सन्दर्भमा हेर्दा १६ वर्षमुनिका मानिसहरूलाई वालवालीकाको रुपमा लिइन्छ र यस उमेरका वालवालीकाहरूलाई उनिहरूको क्षमताले भ्याउने भन्दा वढि काममा लगाइनु नै वालश्रम हो । आजको २१ औ शताब्दीमा पनि कतिपय बालबालिकाहरू विभिन्न घरायसी कारण लगायत अन्य विविध कारणहरूले गर्दा शिक्षाको अवसरबाट बन्चित हुनु परिरहेको छ जसले गर्दा बालबालिकाहरू आफ्नो घर त्यागी ठूलो संख्यामा बालश्रमिकको रुपमा सम्लग्न रहेको पाइन्छ ।

यस अध्ययनको लागि झापा जिल्ला झापा गाउँपालिकामा रहेको १६ वर्षमुनिको ८० जना घरेलुबालश्रमिकलाई नमुनाको जनसङ्ख्याको रूपमा लिइएको छ । यस अध्ययनका लागि सबै जनसंख्यालाई अध्ययन गर्न नसकी सम्भावना रहित नमुना छनौट अनर्तगत उद्देश्यपूर्ण नमूना छनौट विधि अपनाएर १६ वर्षमुनिको ८० जना बालश्रमिकलाई नमुना छनोट गरिएको छ । उक्त स्थानमा रहेका घेरलु बालश्रमिको शैक्षिक पहुँचको अध्ययन अनुसन्धान गरिएको छ । शिक्षा मानव जीवनलाई उचित तरीकाले जिउनको लागि अति आवश्यकीय तत्व हो । त्यसैले कुनै पनि मानिसमा देखा परेका समस्याहरू सामाधान गर्न उसको शैक्षिक अवस्थाले त्यसलाई केही हदसम्म भएपनि सहयोग गर्ने निष्कर्ष निकालिएको छ ।

साक्षर हुँदै गरेका २९ प्रतिशत र निरक्षर ७१ प्रतिशत भेटिए । घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा प्राथमिक तहमा २० जना, निम्नमाध्यमिक तहमा ३ जना र माध्यमिक तहमा ३ जना अध्ययन गर्ने गरेको छ । घरेलु बालश्रमिकको शैक्षिक अवस्थालाई हेर्दा कक्षा १ मा १३ जना, कक्षा २ मा ३ जना, कक्षा ३ मा १ जना, कक्षा ४ मा १ जना, कक्षा ५ मा २ जना, कक्षा ६ मा ३ जना र कक्षा ९ मा १ जना घरेलु बालश्रममा संलग्न बालबालिका रहेको पाइयो । गरिबीका कारणले उपेक्षित बालबालिकाहरू घरेलु श्रम नै गरेर भए पनि अध्ययनलाई जोड दिएको देखिन्छ भने

अधिकांश बालश्रमिक प्राथमिक तहमा नै अध्ययन गर्ने गरेको देखियो । प्राथमिक तहभन्दा माथिल्लो तहमा अध्ययन गर्न समस्या रहेको देखिन्छ । बालश्रमिकलाई सहपाठीले गर्ने व्यवहारमा सहयोग गर्नेमा सबैभन्दा बढी २० जना रहेको पाइयो । यस्तै जिस्काएर दिक्क पार्ने र चासो नराख्ने दुई-दुई जना रहेको पाइयो । बालमैत्री शिक्षण सिकाइका लागि शिक्षक-शिक्षिकाले पनि कक्षाकोठामा भूमिका निर्वाह गर्दा बालश्रमिकलाई मनोवैज्ञानिक असर नपर्ने देखिन्छ ।

सबैभन्दा बढी २१ जना घरेलु बालश्रमिक एक देखि दुई घण्टा पढ्ने गरेको पाइयो भने र १ जना बालश्रमिक चार देखि पाँच घण्टा पढ्ने गरेको पाइयो । शिक्षालय वा विश्वविद्यालयमा अध्ययन गर्ने हरेकका लागि शैक्षिक सामग्री अपरिहार्य कुरा हो । यो उनीहरूको आधारभूत शैक्षिक आवश्यकता पनि हो । त्यसैले बालबालिकालाई पढ्नका लागि वातावरण बनाउन उनीहरूलाई आवश्यकता अनुसारका शैक्षिक सामग्रीको व्यवस्था गरिदिनुपर्छ । विद्यालय सधैं जानेको सङ्ख्या १५ र कहिले काँहि जाने ३ जना रहेको देखिन्छ । त्यस्तै परीक्षाको बेलामा परीक्षा दिन मात्र जाने ६ जना बालश्रमिकहरू रहेको पाइयो । तालिकाबाट बालश्रमिक अध्ययन गर्नकै लागि अर्काको घरमा बाध्यतात्मक अवस्थामा काम गर्नुपरेको प्रस्ट हुन्छ ।

अझै पनि ३ जनाले नपाउँदा सरकारी नियमकारी निकाय फितलो भएको देखियो । जसले गर्दा लक्षित व्यक्ति छनोट गरेर छात्रवृत्तिमा सुधार गरिनुपर्छ । काम लगाएबापत मासिक पारिश्रमिकको सर्त के छ ? भनेर घरेलु बालश्रमिक राख्ने झापा गाउँपालिकाका गोपाल खत्री र मानबहादुर कटुवाललाई सोधेकोमा दुवैले नदिने सर्त रहेको बताउनुभयो भने गोपाल खत्रीले पढाइ दिने सर्त भएको र मानबहादुर कटुवालले बसुनजेल खान, बस्न, लगाउन र पछि विदेश पठाउन लाग्ने रकम दिने सर्त भएको रहेको देखिन्छ । घरबेटीले बढी मात्रामा घरेलु बालश्रमिकलाई बाधा सिर्जना गर्ने क्रममा काममा व्यस्त बनाएर १७ जनालाई, कुटपिट गरेर बाधा सिर्जना गर्ने २ जना र शैक्षिक सामग्री नकिनी दिएर ५ जनालाई अवरोध सिर्जना गरेको देखियो ।

धनी र गरिबबीच ठूलो खाडल भएकै कारण घरेलु बालश्रमिकमाथि हेप्ने तथा दुर्व्यवहार गर्ने ८६.२५ प्रतिशत, यौन दुर्व्यवहार नभएको पाइयो, अवसरबाट वञ्चित गरिने १.२५ प्रतिशत र पारिश्रमिक नदिनेलगायतका आफन्तले पारिश्रमिक लिने गरेको १२.५ प्रतिशत रहेको छ । सामाजिक संस्थाले जनचेतना जगाउँने काम गर्नु पर्ने, सामाजिक संस्थाकै पहलमा घरबेटीसँग अन्तरक्रिया गर्नुर्ने, सरकारले बालश्रमिक पढने विद्यालयमा उनीहरुका लागि छात्रवृति र छात्रावासको व्यवस्था

गरिनुपर्ने तथा घरेलु बालश्रमिकका अभिभावकका लागि आर्थिक सपोटका कार्यक्रम ल्याइनुपर्ने सुझाव दिइएको छ ।

शिक्षा र सीपमूलक तालिमको व्यवस्था गरिनुपर्ने, घरपरिवार, घरबेटी, व्यवस्थापन समिति, शिक्षक र प्रध्यानाध्यापकबीच बालश्रमिकको समस्याका लागि छलफल गरिनुपर्ने सुझाव राखेको पाइयो । यस्तै, घरेलु बालश्रमिकलाई शिक्षकले बालमैत्री शिक्षण गर्नुपर्ने र घरेलु बालश्रमिकको आत्माविश्वासका लागि नियमनकारी निकायसँगै अन्य पक्षबाट हौसला प्रदान गर्नुपर्ने सुझाव राखिएको छ । जसबाट घरेलु बालश्रमिको शैक्षिक पहुँचमा वृद्धि हुने देखिन्छ ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तहका लागि सुझाव

शिक्षामा सबैलाई समान अवसर भन्ने सरकारको नीतिको कार्यान्वयन कडाइका साथ लागू गर्नैपर्छ । जसले गर्दा घरेलु बालश्रमिकहरूलाई समान र गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् । घरेलु बालश्रमिकको हकहितका लागि सरकारले अल्पकालीन र दीर्घकालीन रणनीतिक कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । कार्यक्रम विशेषगरी शैक्षिक उपलब्धि र स्तर बढाउन लक्षित हुनुपर्छ । बालबालिकासम्बन्धी ऐन र कानुन कडाइका साथ कार्यान्वयनमा पनि ल्याइनुपर्छ । सरकारी नियमनकारी निकाय जागरुक भएर बालबालिलकाले पाउने आधारभूत सेवा-सुविधा प्रदान गर्नका लागि अभियान वा सचेतनामूलक कार्यक्रम अगाडि बढाउनु आवश्यक देखिन्छ । गरिबीको कारणले अभिभावकले आफनो छोराछोरीलाई काममा पठाउनुपर्ने बाध्यता छ । अझ अर्को शब्दमा भन्नुपर्दा गरिबी र बालश्रम एक अर्कोमा सम्बन्धित छन् । त्यसैले सरकारले राष्ट्रिय, अन्तराष्ट्रिय संस्थाहरू मार्फत् गरिबी निवारणका लागि आर्थिक अवस्था कमजोर भएकालाई आर्थिकस्तर बढाउने कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने देखिन्छ । विशेषगरी गरिब परिवारलाई लक्षित हुने गरी सीप विकास कार्यक्रम सञ्चालन गरिनुपर्ने ।

### ५.२.१ अभ्यास तहका लागि सुझाव

बालश्रम शोषणा कम गर्न सवैभन्दा महत्वपूर्ण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने देखिन्छ । उनीहरुको पढाइप्रति बेलाबेलामा घरपरिवार, घरमालिक, व्यवस्थापन समिति र शिक्षक-शिक्षिकाहरूको छलफल हुनुपर्छ । पढाइमा एकरुपता हुनुका साथै घरेलु बालश्रमिक विद्यार्थीहरूका

लागि विद्यालयले छुट्टै शिक्षाको व्यवस्था गरिनुपर्ने देखिन्छ । स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम लक्षित बालबालिकालाई प्रदान गरिनुपर्ने महत्वपूर्ण मानिन्छ । उनीहरुलाई घरेलु हिंसा र जोखिमपूर्ण परिस्थितिबाट बचाउनुपर्छ । सामाजिक संस्थाले घरेलु बालश्रमिक तथ्याङ्क सङ्कलन र कार्यक्रममार्फत् सचेतना फैलाउँदैमा समस्या समाधान हुँदैन । त्यसैले गर्दा श्रमिक बन्ने कारण पत्ता लगाई उचित पहलकदमी लिनुपर्छ । सामाजिक संस्थाले घरेलु बालश्रमिकका लागि कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने देखिन्छ । बालबालिकाको अधिकार सम्बन्धमा र बालश्रमको शोषणयुक्त प्रकृति र हिंसासम्बन्धी आम जनमानसलाई विभिन्न माध्यमद्वारा सर्तक बनाउने र सहकार्य गर्ने गर्नुपर्छ । घरेलु बालश्रमिकका लागि सार्थक शिक्षा र किशोरकिशोरीका लागि आत्मनिर्भरतामुखी जीवनोपयोगी सीपको व्यवस्था गरिनुपर्छ ।

सबै अभिभावकले छोरा र छोरी बीचमा कुनै प्रकारको भेदभाव नगरी शिक्षा, स्वास्थ्य, माया र अवसर प्रदान गर्नुपर्छ । सबैले बालबालिकालाई उचित माया-ममता गर्ने, उनीहरूलाई आर्थिक उपार्जनको काममा नलगाउने र उचित शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ । बाल मस्तिष्कमा शारीरिक र मानसिक अवस्थामा आच आउँने व्यवहार नगर्ने र अरू कसैबाट हुन नदिने हो भने पनि बालबालिकालाई श्रमबाट जोगाउन सकिन्छ । बालबालिकाले गरेका स-साना गल्ती र बाल-बिज्याइँमा अभद्र गाली, यातना दिने नगरी सम्झाई बुझाई गर्नु परिवारको जिम्मेवारी हो । यसमा सबैले सचेत हुन आवश्यक देखिन्छ । सौतेनी अभिभावकहरूले बालबालिकालाई सौतेनी व्यवहार नगरी आफ्नो छोराछोरी सरहको व्यवहार गरेको खण्डमा बालबालिकाले घर छाडेर अरूतिर जाँदैनन् । जोखिमपूर्ण परिस्थिति र दुःखदायी जीवनमा पुग्दैनन् ।

बालमैत्री शिक्षण सिकाइका लागि शिक्षक-शिक्षिका र प्रधानाध्यापकले भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । घरेलु बालश्रमिकको आत्मविश्वास बढाउने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने र शिक्षक-शिक्षिकालाई बालमैत्री तालिम दिनुपर्ने पनि आवश्यक छ। बालअधिकारबारे सचेत हुदै बालश्रम निषेध र नियमन गर्ने ऐन नियम, कार्यविधि र निर्देशिका पालना गर्नमा सहयोग पुऱ्याउनुपर्ने देखिन्छ । बालबालिकाका आधारभूत अधिकारलाई पूरा गर्नुपर्ने श्रमिकलाई माया र सम्मान गर्नुपर्छ । साथै घरेलु बालश्रमिक आफैंले पनि पढाइमा समय लगाउनुपर्ने, घरेलु बालश्रमिक सङ्गठित भएर आफूमाथिको अन्याय, अत्याचारको विरुद्धमा आवाज उठाउनुपर्ने र बालअधिकारका चार क्षेत्र 'बासंविस' (बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) बारे सचेत हुनुपर्ने देखिन्छ ।

### ५.२.३ भावी अनुसन्धान तहका लागि सुझाव

नेपालमा बालश्रम निषेध र नियमन गर्ने केही ऐन नियम, कार्यविधि र निर्देशिका पनि बनेपनि व्यवहारिक रुपमा कार्यान्वयन भए-नभएको ? जोखिमपूर्ण बालश्रम उन्मूलन गर्ने नाममा ठूलो धनराशि पनि खर्च गरिएको पनि त्यो रकम बास्तविक बालश्रमिक समक्ष पुगे-नपुगेको ? सरकारका जिम्मेवार अधिकारी वा स्थानीय निकायका कर्मचारी बालबालिकालाई शोषित, पीडित हुनबाट जोगाउने कार्यमा किन उदासीन छन ? किन बालश्रम शोषण अन्त्य गर्न बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ? जस्ता पक्षको पहिचान गर्नु आवश्यक देखिएको छ । यस अध्ययन अनुसन्धानबाट भावी अनुन्धान कर्ताहरूले निम्न शीर्षकमा खोज तथा अनुसन्धान गर्न सक्नेछन् :

क) घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था

ख) घरेलु बालश्रमिको सामाजिक र आर्थिक अवस्थाको अध्ययन

ग) घरेलु बालश्रमिले भोग्न परेको समस्याहरूको अध्ययन

घ) घरेलु बालश्रमिकको शैक्षिक स्तरको अध्ययन

ङ) घरेलु बालश्रमिकहरूको वर्तमान अवस्था

## सन्दर्भग्रन्थ


काफ्ले, बासुदेव र ढकाल, हेमराज (२०६८), *शिक्षामा सामाजिक न्याय,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

खड्का अम्बरबहादुर (२०६२), *शिक्षाको सट्टा चर्को यातना,* उपेक्षा, १(१), ३, विराटनगर : क्षेत्रीय सञ्चार स्रोतकेन्द्र ।

खड्का अम्बरबहादुर (२०७१), *घरेलु बालश्रमिकको शिक्षामा पहुँच,* विषयक शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग

ढकाल, माधवप्रसाद (२०६७), *शिक्षाको आधार,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

धिताल, रूपा (२०६८), बधुवा बालमजदुर, विभुवन विश्वविद्यालयका लागि तयार गरिएको अप्रकासित सोधपत्र : काठमाडौ ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,* वाल अधिकार सम्बन्धि हक, धारा २२, काठमाडौः हिमालि प्रकाशन ।

नेपाल सरकार (२०४८), *वाल अधिकार सम्बन्धि ऐन,* दफा १६, काठमाडौः अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

पराजुली, उमेशप्रसाद (२०७२), *बालमजदुर विद्यार्थीहरुको सिकाइ,* विषयक शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग ।

पाण्डे, राजकुमार (२०६५), *नेपाल परिचय,* काठमाडौः भुडी पुराण प्रकाशन ।

पौडेल, रमेशकुमार र सापकोटा बेदप्रसाद (२००५), *घरेलु बालश्रम परिचय* , काठमाण्डौ : समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) ।

बिडारी बद्रीप्रसाद, श्रेष्ठ चन्द्रबहादुर, कोईराला मातृकाप्रसाद, लुईटेल खगेन्दप्रसाद (२०६९), *सामाजीक न्याय शिक्षा* , काठमाण्डौ : भुडिपुराण प्रकाशन ।

यूनिसेफ (२०५४), *विश्वमा बालश्रमिकको अवस्था सम्बन्धी प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

यूएनडिपि (२०६९), *नेपाल सम्बन्धी वार्षिक प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

शिवाकोटी, (२०७२), *घरेलु बालश्रमिकको सामाजिक, आर्थिक र शैक्षिक अवस्था* विषयक शोधपत्र, गौरादह बहुमुखी क्याम्पस, गौरादहः झापा ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६६), *शिक्षाको आधार,* काठमाडौः एम.के. पब्लिकेशन ।

सिविन (२०५८), *वार्षिक प्रतिवेदन,* काठमाण्डौ : लेखक ।

Hurrleman, Klaus, (2009) Social structure and personality development, Cambridge university press

ILO, (2003) *Bonded Child labour, among child workers of the Ramaiya systa*, A rapid assessment, Kathmandu: ILO.

Mark, K. (1969), *The communist Mamotirto*: London, Authar.

Walter Trattner, Crusade for the Children: A History of the National Child Labor Committee and Child Labor Reform in America (1970).

## अनुसूची- एक

## घरेलु बालश्रमिकका लागि अन्तर्वार्ता प्रश्नावली :

जवाफ दिनेको विवरण :

नाम : ...... ......... ...... ........................ ....... उमेर : ....... ..... वर्ष

जन्म मिति : ...... ....... ...... ....... जन्मस्थान : ........................... ..... .....

लिङ्ग : ..... ....... .... जात : ....... ..................... धर्म : ............... .......

बाबुको नाम : ............ .............................. आमाको नाम : .......................................

स्थायी ठेगाना : ...... ........ ........ ....... ........ ..........

हाल बसोबासको ठेगाना : ...... ........ ........ ....... ........

अपाङ्गता भए (किसिम) : ........ ....... ........ .....

घर मालिकको नाम : ............. .......... ........ ........

घर मालिकको ठेगाना : ............. .......... ........ ........

घरेलु श्रमिक भएर काम गरेको वर्ष/अवधि : ...................... ....... .....

(१) घरेलु बालश्रमिकका रूपमा गर्नुपर्ने काम : (एकभन्दा बढी पनि हुन सक्ने)

क) भाँडा माभ्ने / भात पकाउने / किनमेल गर्ने

ख) लुगा-कार्पेट धुने / घर-शौचालय सरसफाइ

ग) बालबालिकाको हेरचाह

घ) गोठ, खेती तथा बगैंचाको काम

(२) तपाईको शैक्षिक स्थिति कस्तो छ ?

क) क ख ग चिन्छु ख) ............ .... कक्षा पढेको छु

ग) अहिले ..... ......... कक्षा पढ्दै छु घ) पढेको छुइनँ

(३) पढ्दै हुनुहुन्छ भने कहाँ पढ्नुहुन्छ ?

क) घर ख) शिक्षालय ग) छरछिमेक घ) अनौपचारिक

(४) पढ्दै हुनुहुन्न् भने किन नपढ्नु भएको ?

क) समय वा अवसर पाउँदिनँ ख) कामले थाकेको हुन्छु

ग) कापीकलम किन्ने् खर्च हुँदैन घ) पढाइमा मन लाग्दैन

(५) तपाई विद्यालय जाने क्रम कस्तो छ ?

क) नियमित ख) घरको कामबाट फुर्सद भएको दिन

ग) छात्रवृत्ति वितरणका दिन (घ) जाँचको बेलामा

(६) नियमित विद्यालय नजानुको कारण ?

क) विद्यालय टाढा छ ख) शिक्षकको व्यवहार राम्रो छैन

ग) घरबेटीले दिँदैनन् घ) उमेरका कारणले अप्ठेरो लाग्छ

(७)विद्यालय गएर कति समय बस्नुहुन्छ ?

क) पूरा समय ख) आधा समय ग) मन लागे जति घ) परीक्षाको बेला मात्र

(८)विद्यालय जाने विषयमा घरबेटीको व्यवहार कस्तो छ ?

(क) बाधा-अवरोध गर्छन् (ख) बाधा-अवरोध गर्दैनन्

(ग) चासो राख्दैनन् (घ) विशेष चासो राख्छन्

(९)यदि बाधा सिर्जना गर्छन् भने कसरी गर्छन् ?

(क) कुटपिट गरेर (ख) शैक्षिक सामग्री नकिनिदिएर

(ग) मानसिक दबाब दिएर (घ) काममा व्यस्त बनाएर

(१०) पढाइको गृहकार्य (होमवर्क) गर्ने/नगर्ने स्थिति के छ ?

क) नियमित गर्छु ख) समय नै पाउँदिनँ

ग) कापी-कलम नै हुँदैन घ) सिकाइदिने कोही हुँदैन

(११) तपाईप्रति शिक्षकहरूको व्यवहार कस्तो छ ?

क) प्रोत्साहन गर्छन् ख) विशेष चासो राख्छन्

ग) चासो राख्दैनन् घ) भेदभाव गर्छन्

(१२) तपाईप्रति सहपाठीसँगको व्यवहार कस्तो छ ?

क) सहयोग गर्छन् ख) जिस्क्याएर दिक्क पार्छन्

ग) चासो राख्दैनन् घ) भेदभाव गर्छन्

(१३) कुन विषय बढी सजिलो लाग्छ ?

क) नेपाली ख) गणित ग) अङ्ग्रेजी घ) अन्य : ... ... ...

(१४) अनि, कुन विषय अलि गाह्रो लाग्छ ?

क) नेपाली ख) गणित ग) अङ्ग्रेजी घ) अन्य : ... ... ...

(१५) अतिरिक्त क्रियाकलापमा कतिको सहभागी हुनुहुन्छ ?

क) प्राय : हुन्छु        ख) मन लाग्दैन        ग) अवसर पाउँदिनँ

घ) प्रतियोगितामा जित्छुजस्तो लाग्दैन

(१६) स्कुलमा तपाईको सहभागिता कस्तो छ ?

क) बाल क्लबमा छु        ख) मोनिटर बनाइन्छु

ग) अतिरिक्त क्रियाकलापमा छानिने् गर्छु        घ) केहीमा मौका पाउँदिनँ

(१७) तपाईले अहिलेसम्म छात्रवृत्ति प्राप्त गर्नुभएको छ ?

क) छ        ख) छैन

ग) छात्रवृत्ति पाइन्छ भन्ने् थाहा छैन        घ) पढाइमा कमजोर भएकालाई दिँदैनन्

(१८) विद्यालयबाहेक घरमा पढ्ने मौका पाउनुहुन्छ ?

क) एक-दुई घन्टा पढ्छु        ख) पढ्ने समय पाउँदिन

ग) थकाइले लेखपढ गर्न सक्तिनँ        घ) पढ्न मन लाग्दैन

(१९) तपाईको दिनचर्या कसरी बित्छ ?

(क) घरको काम गरेर        ख) घरको काम र पढाइ गरेर

(ग) घरको काम र टेलिभिजन हेरेर        घ) खेत र गोठको काम गरेर

(२०) तपाईले कस्तो समस्या भोग्दै आउनुभएको छ ?

क) अधिक श्रम        ख) मानसिक तनाव

ग) अध्ययनको समस्या        घ) घरायसी दुर्व्यवहार

(२१) तपाईको पारिवारिक आर्थिक अवस्था कस्तो छ ?

क) खान-लाउन पुग्छ        ख) खान-लाउन पुग्दैन

ग) परिवारबारे थाहा छैन        घ) अन्य : .... .... .... ....

(२२) तपाई यहाँ कसरी आइपुग्नुभयो ?

क) घरबाट भागेर        (ख) आफन्तको सम्पर्कबाट

(ग) सडकबाट        (घ) अन्य : ..... ..... .... ..... ....

(२३) के उद्देश्यले यहाँसम्म आइपुग्नुभयो ?

क) पढ्ने        ख) रोजगारी गर्ने

ग) सहाराका लागि        घ) परिवारलाई आर्थिक सहयोग गर्न

(२४) काम गर्ने घरमा के-के सेवा-सुविधा प्राप्त गर्नुभएको छ ?

क) खाने र बस्ने	ख) घुमफिर गर्ने, सिनेमा-टेलिभिजन हेर्ने

ग) छोरा-छोरीसरह व्यवहार	घ) बचत गर्नका लागि पैसा

(२५) काम गरेवापत पारिश्रमिक पाउनुहुन्छ ?

क) पाउँछु	ख) पारिश्रमिकको कुरै भएको छैन	ग) पाउँदिनँ	घ) नदिए पनि हुन्छ

(२६) यदि पारिश्रमिक पाउनुहुन्छ भने कसले हात पार्छ ?

(क) आफैं	(ख) आमा/बुबा	ग) आफन्त	घ) घरबेटी

(२७) तपाईको बसाइ सहज/असहज कस्तो छ ?

क) सुत्ने कोठा नै छुट्टै छ	ख) खाट र ओछ्यान अलग छ

ग) भुइँमा जहाँ खाली भयो त्यहीँ सुत्नुपर्छ	घ) गोठ वा टाँडमा सुत्नुपर्छ

(२८) दैनिक कति घन्टा घरेलु श्रमको काम गर्नुहुन्छ ?

(क) दुई	(ख) तीन-चार	(ग) चार-पाँच	घ) छभन्दा माथि

(२९) तपाई भविष्यमा के बन्ने् इच्छा छ ?

क) जागिरे	ख) व्यापारी	ग) खेलाडी	घ) अन्य : ... ... ....

(३०) बालअधिकारबारे केही थाहा छ ?

क) थाहा छ	ख) थाहा छैन	ग) अलिअलि सुनेको छु	घ) त्यतातिर ध्यान दिएको छुइनँ

३१) बाल अधिकारबारे कसरी थाहा पाउनुभयो ?

क) किताब पढेर	ख) रेडियो-टिभीमा सुनेर/हेरेर

ग) गुरुहरूले भनेर	घ) कार्यक्रम/तालिममा भाग लिएर

३२) बालअधिकारका कति क्षेत्र हुन्छन् ?

क) ३	ख) ४	ग) ५	घ) ६

(३३) घरभित्र तपाईप्रति कस्तो व्यवहार गरिन्छ ?

क) जुनसुकै कोठामा जान पाइन्छ	ख) छोरा-छोरी समान व्यवहार गरिन्छ

ग) भावनाको कदर हुन्छ	घ) छुवाछुत तथा भेदभाव गरिन्छ

(३४) तपाईलाई घरमा कस्तो खान दिन्छन् ?

क) अरूको जस्तै	ख) अरूको भन्दा अलग्गै

ग) उब्रिएको बाँकी	घ) आफ्ना लागि छुट्टै पकाउनुपर्छ

(३५) तपाई यो भन्दा अघि के गर्नुहुन्थ्यो ?

क) पढ्थें ख) घरैमा बस्थें ग) अर्कै घरमा काम गर्थे घ) अन्य

(३६) विद्यालयमा शिक्षकले कस्तो व्यवहार गर्छन् ?

क) अरू विद्यार्थीसरह ग) विशेष प्रोत्साहन गर्छन्

ख) भेदभावपूर्ण घ) हेप्छन्/दुर्व्यवहार गर्छन्

(३७) शिक्षकले दुर्व्यवहार गर्नुको कारण के हो जस्तो लाग्छ ?

क) शिक्षकले भनेअनुसार पढ्न नजानेकाले ख) थाहा छैन

ग) गृहकार्य नगरेकाले घ) स्कुलमा पूरा समय नबसेकाले

(३८) तपाईलाई बालश्रमिक भएकै कारण कुनै विशेष समस्या भोग्नुपरेको छ ?

क) हेपाइ तथा दुर्व्यवहार ख) यौन दुर्व्यवहार

ग) अवसरबाट वञ्चित घ) पारिश्रमिकबाट वञ्चित

(३९) शैक्षिक सामग्रीको पहुँच के छ ?

क) समयमा कापी-कलम-किताब पाइँदैन ख) शब्दकोश-व्याकरण, ज्यामिति बक्स छैन

ग) विद्यालयको प्रोजेक्ट वर्क गर्ने खर्च हुँदैन घ) माथिका सबै

(४०) घरबेटीले के गरी दिए राम्रो हुन्छ ?

(क) पढने वातावरण सृजना गरी दिनुपर्छ

(ख) आर्थिक सपोट गर्नुपर्छ

(ग) कुटपिट गर्नुहुदैन्

(घ) थाहा छैन्

## अनुसूची- दुई

## शिक्षकको लागि प्रश्नावली

१. लक्षित विद्यार्थी समयमा विद्यालय आउँछन् ?

............................................................................................................

२. उनी विद्यालय पूरा समय बस्छन् कि बस्दैनन् ?

............................................................................................................

३. होमवर्क नियमित गर्छन कि गर्दैनन् ?

............................................................................................................

४. विद्यालय पोशाकमै आउँछन् ?

............................................................................................................

५. कक्षाको उनको नेतृत्व/सहभागिता कस्तो छ ?

............................................................................................................

६. उनी कत्तिको अनुशासित छन् ?

............................................................................................................

७. उनको विशेष गुण के छ ?

............................................................................................................

८. उनको पढाइको स्तर कस्तो छ ?

............................................................................................................

९. उनको मानसिक र संवेगात्मक अवस्था कस्तो छ ?

............................................................................................................

१०. अतिरिक्त क्रियाकलापमा उनको उपस्थिति कस्तो छ ?

............................................................................................................

११. घरेलु बालश्रमिकले विद्यालय छाड्ने दर कस्तो छ ?

............................................................................................................

१२. घरेलु बालश्रमिकलाई पढाउँदा शिक्षकले के कस्तो समस्या भोग्नुपर्छ ?

............................................................................................................

१३. लक्षित विद्यार्थीका सुधारका अवसर के-के छन् ?

..........................................................................................................................

१४. बालश्रमिकको शैक्षिक पहुँच वृद्धिका लागि के गरिएको छ ?

..........................................................................................................................

१५. बालश्रमिकको समस्या समाधानका लागि कसले के के गर्नुपर्ला ?

..........................................................................................................................

## अनुसूची : तीन

## प्र.अ.को लागि प्रश्नावली

१. तपाईको विद्यालयमा घरेलु बालश्रमिकका लागि विशेष सेवा-सुविधा वा कार्यक्रम के छ ?

..........................................................................................................

२. विद्यालयलाई लक्षित विद्यार्थी घरेलु बालमजदुर भए-नभएको पहिचान छ ?

..........................................................................................................

३. तपाईको विद्यालयमा कति जना घरेलु बालमजदुर पढ्न आउने गरेका छन् ?

..........................................................................................................

४. विद्यालयमा पढ्ने बालश्रमिकका लागि बाहय सहयोग केही छ ?

..........................................................................................................

५. विद्यालयले दिएको सुविधाको विद्यार्थी उपयोग गरेका छन् कि छैनन् ?

..........................................................................................................

६. लक्षित विद्यार्थीको शैक्षिकस्तर कस्तो छ ?

..........................................................................................................

७. घरेलु बालश्रमिकको पढाइबाट विद्यालय सन्तुष्ट छ ?

..........................................................................................................

८. उनीहरूको अहिलेको पढाइ हेर्दा भविष्य कस्तो देख्नुहुन्छ ?

..........................................................................................................

९. बालश्रमिकका कमजोरी पक्षहरू के के छन् ?

..........................................................................................................

१०. कमजोरी सुर्धन कसले के-के गर्नुपर्ला ?

..........................................................................................................

११. यस्ता बालबालिकाप्रति विद्यालयको दायित्व के हो ?

..........................................................................................................

१२. विद्यालयले बालश्रमिकको अधिकारका बारेमा मालिकलाई सचेत गराएको छ ?

..........................................................................................................

१३. बालश्रमिकको समस्या समाधानका लागि कसले के के गर्नुपर्ला ?

..........................................................................................................

## अनुसूची-चार

## घरेलु बालश्रमिक राख्ने सम्बन्धित मालिकलाई सोधिने प्रश्नहरू

१. तपाईले यो बालक-बालिकालाई किन ल्याउनुभएको हो ?

..............................................................................................................................

२. के सर्तमा ल्याउनुभएको हो ?

..............................................................................................................................

३. बालकको पारिवारिक पृष्ठभूमि कस्तो छ ?

..............................................................................................................................

४. उसको वर्तमान अवस्था चाहिँ कस्तो छ ?

..............................................................................................................................

५. उसलाई कस्तो व्यवहार गर्नुहुन्छ ?

..............................................................................................................................

६. ऊ तपाईको घरमा कति रमाएको छन्/छिन् ?

..............................................................................................................................

७ ऊ कति इमान्दार र अनुशासित छन्/छिन् ?

..............................................................................................................................

८. उसको पढाइका लागि तपाईले के सहयोग गर्दै हुनुहुन्छ ?

..............................................................................................................................

९. तपाईलाई घरेलु बालश्रमिकको अधिकारका बारेमा थाहा छ ?

..............................................................................................................................

१०. सोहीअनुसारको व्यवहार गर्नुभएको छ ?

..............................................................................................................................

११. तपाईले उसलाई कति घन्टा काममा लगाउनुभएको छ ?

..............................................................................................................................

१२. उसका लागि पढ्ने वातावरण र समय कसरी मिलाइएको छ ?

..............................................................................................................................

१३. उसको पढाइबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

..............................................................................................................................

१४. काम लगाएबापत मासिक पारिश्रमिकको सर्त के छ ?

..........................................................................................................

१५. तपाईले उसलाई काम लगाएबापतको पारिश्रमिक कसलाई दिनुहुन्छ ?

..........................................................................................................

१६. तपाईकोमा काम गर्ने बालश्रमिकका व्यवहार कस्तो छ ?

..........................................................................................................

१७. तपाईकोमा काम गर्ने बालश्रमिकलाई बेलामौकामा घुमफिर गर्न दिनुहुन्छ ?

..........................................................................................................

१८. उसलाई के-के सुविधा दिनुभएको छ ?

..........................................................................................................

१९. चाडबाड मनाउने/मेला जाने अवसर दिनुहुन्छ ?

..........................................................................................................

२०. खेल्ने/मनोरञ्जन गर्ने समय दिनुहुन्छ ?

..........................................................................................................

२१. बालबालिकालाई पोषणतत्व प्राप्त गर्ने अधिकारका बारेमा थाहा छ ?

..........................................................................................................

२२. बालश्रमिकलाई के-के खान दिनुहुन्छ ?

..........................................................................................................

२३. शैक्षिक अभिवृद्धिका लागि के सुविधा दिनुभएको छ ?

..........................................................................................................

२४. लक्षित विद्यार्थीका सुधार गर्नुपर्ने पक्षहरू के के हुन् ?

..........................................................................................................

२४. लक्षित विद्यार्थीको कमजोरी सुर्धन कसले, के गर्नुपर्ला ?

..........................................................................................................

२५. घरेलु बालश्रमिकको समस्या समाधान के गर्दा हुन्छ ?

..........................................................................................................

## अनुसूची : पाँच

## सामाजिक संस्थाका प्रतिनिधिलाई सोधिने प्रश्न

१. सामाजिक संस्थाले लक्षित बालबालिकाका लागि के काम गर्दै छन् ?

.........................................................................................................................

२. लक्षित बालबालिकाले रेकर्ड राखिएको छ ?

.........................................................................................................................

३. लक्षित बालबालिकाका लागि सहयोग र सुविधा पहुँचको स्थिति के छ ?

.........................................................................................................................

४. लक्षित बालबालिकाको क्षमता अभिवृद्धि र अवस्था सुधारका लागि के योजना छ ?

.........................................................................................................................

५. कार्यक्रम लक्षित बालबालिकासम्म पुगेको छ कि छैन ?

.........................................................................................................................

६. कार्यक्रम र सहयोग लक्षित बालबालिकासम्म कसरी पुऱ्याउनुभएको छ ?

.........................................................................................................................

७. उनीहरूको वास्तविक समस्या के हो ?

.........................................................................................................................

८. घरेलु बालश्रमिकको समस्या समाधान के गर्दा हुन सक्छ ?

.........................................................................................................................